नवराजपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः४ | संख्या: ४ नवराजपुर | मितिः२०८२/०४/०१

**भाग १**

**नवराजपुर गाउँपालिका**

# नवराजपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

नवराजपुर सिरहा

# नवराजपुर गाउँपालिकाको विपद् तथा जलवायु उत्थानशील योजना

# नवराजपुर गाउपालिकाको विपद् तथा जलवायु उत्थानशील योजना

**नवराजपुर गाउपालिका, सिरहा**

**मधेश प्रदेश, नेपाल**

## १.१ परिचय

नेपालमा कुनैपनि समयमा विपद् आउन सक्ने सम्भावना रहेको मानिन्छ । त्यसैले नेपालको परिप्रेक्ष्यमा "कहाँ" वा "यदि" भन्दापनि कहिले भन्ने प्रश्न उचित रहन्छ भनिन्छ । बाढी, पहिरो तथा भूकम्प जस्ता प्राकृतिक प्रकोपहरुबाट नेपाल उच्च जोखिममा रहेको छ । भूकम्प तथा मिश्रित विपत्तिहरुको जोखिमका सन्दर्भमा नेपाल क्रमशः ११ औं र १६ औं स्थानमा रहेको छ । भारतीय र युरोसियन प्लेट्स (tectonic plates) एक-आपसमा ठोक्किएको भूभाग माथि नेपाल अवस्थित छ, जसको कारण यहाँ ठुला भूकम्पहरु बारम्बार गइरहन्छन् (युनिसेफ, २०७९) । जलवायु परिवर्तन जोखिममा रहेकाहरुको सुचिमा पनि नेपाल चौथो सबैभन्दा जोखिममा रहेको मुलुक भनिएको छ जस अनुसार नेपालको स्थान "सर्वोच्च जोखिम" को समूहमा पर्दछ । नेपाल जलवायु परिवर्तनका असरहरुबाट पनि जोखिममा रहेको छ र यहाँ तापक्रम बढ्दै जानुका साथै बर्षा पनि अनियमित हुने गरेको छ ।

नवराजपुर गाउँपालिका बाढी, हावाहुरी, सडक दुर्घटना, आगलागी, जस्ता प्रकोपहरुबाट प्रभावित रहेको छ । साथै विश्वव्यापी जलवायुजन्य परिवर्तनका प्रतिकुल प्रभावबाट पनि असरहरु देखिन थालेको महशुस गर्न थालिएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरुबाट प्रतिबद्धता भएको विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा (सन् २०१५-२०३०) लाई आत्मसाथ गरी नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाहरु गरेको छ भने स्थानीय सरकारहरुले पनि सङ्घीय सरकारको मार्गदर्शन अनुसार आवश्यक ऐन, नियमावली, नीति, रणनीति, तथा मााार्गदर्शनहरु तर्जुमा गरी कार्यान्वयन गरिरहेका छन । यसै सम्दर्भमा विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, पश्चात् नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा उल्लेखनीय कार्यहरु भएको पाईन्छ । जलवायु परिवर्तन नीति २०६७ (संशोधित नीति २०७६), भू-उपयोग नीति २०६९, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति २०७२, राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति २०७२, राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा २०७० (प्रथम संसोधन २०७५), बस्ती विकाश, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन २०७२, राष्ट्रिय शहरी विकास रणनीति २०७३, विपद् जोखिम राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० आदि महत्वपूर्ण कानूनी तथा नीतिगत आधार हुन भने तीनवटै तहका सरकारको अधिकार बाँडफाँट सम्बन्धी संवैधानिक व्यवस्था, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ को दफा ८ (१) एवम् स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) न तथा ११ (४) ख (१५) मा प्रवन्ध गरिए बमोजिम स्थानीय तहको विपद् व्यवस्थापन सम्बन्धमा तोकिएको काम, कर्तव्य र अधिकार र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४ आदिले तय गरेको विधि र प्रकिया बमोजिम यस नवराजपुर गाउँपालिकामा विपद् तथा जलवायु परिवर्तनका कारण सिर्जना हुने सम्भावित खतराहरुको पूर्वानुमान गर्न, विपद्को समयमा आपतकालीन कार्य सम्पादन गर्न, प्रभावकारी प्रतिकार्य गर्न तथा विपद्पछि पून पूर्ववत अवस्थामा फिर्किनका लागि आवश्यक दिशानिर्देश गर्न नवराजपुर गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरिएको हो ।

## १.२ विपद्को राष्ट्रिय परिदृष्य

नेपालको भौगोलिक अवस्थिति (चलायमान तथा परिवर्तित), अव्यवस्थित पूर्वाधार विकाश, बढ्दो शहरीकरण, बदलिदो हावापानी र मानवीय असावधानिका कारण नेपाल प्राकृतिक र गैरप्राकृतिक बहु-प्रकोपको उच्च जोखिममा रहेको छ । निरन्तर दोहोरिरहने बहु-प्रकोपका घटनाहरुवाट उत्पन्न विपद्को अत्यधिक जोखिममा रहेका मुलुकहरु मध्ये नेपाल पनि एक हो । यहाँ प्रत्येक वर्ष बाढी, पहिरो, चटयाङ, हावाहुरी, आगलागी, असिना, सडक दुर्घटना र महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपका कारण जनधनको ठूलो क्षति तथा हानी नोक्सानी हुने गरेको छ ।

त्यसैगरी नेपालमा सडक दुर्घटना, महामारी, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा लाग्ने फ्लु, प्यान्डामिक फ्लु जस्ता महामारी, सर्पदंश, जनावर आक्रमण, खानी, हवाई, जल वा औधोगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास, रसायन वा विकिरण चुहावट, ग्यास विष्फोटन, विषात्त, खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना गैरप्राकृतिक प्रकोपवाट पनि प्रभावित छ । पछिल्लो ४५ वर्ष (सन १९७१ देखि नेपालमा जलवायु परिवर्तन विश्वव्यापी

उष्णीकरण सँगै नेपालमा पनि सबै क्षेत्रको तापक्रम वृद्धि भएको पाइएको छ । जल तथा मौसम विभागको सन् २०१७ को प्रतिवेदन अनुसार नेपालमा १९७४ देखि २०१४ सम्ममा अधिकतम तापमानमा प्रत्येक वर्ष ०.०५६ डिग्री सेल्सियसको दरले वृद्धि भएको छ भने न्युनतम तापक्रममा ०.००२ डिग्री सेल्सियसको दरले वृद्धि भएको पाइएको छ । नेपालको उच्च हिमाली क्षेत्रमा सबैभन्दा उच्च दरले तापक्रम वृद्धि भएको छ जस अनुसार मनाङ जिल्लामा अधिकतम तापक्रम ०.१२ डिग्री सेल्सियस सम्म प्रति वर्ष वृद्धि भएको छ । त्यसैगरी वर्षाको स्वरुपमा पनि विभिन्न मौसममा फरक- फरक तरिकाले परिवर्तन भइराखेको छ । उत्तर-पश्चिम क्षेत्रका जिल्लाहरुमा पानी पर्ने दिनहरुको संख्यामा वृद्धि तथा वर्षाका चरम घटनामा ठाउँ अनुसार विविध तरिकाले परिवर्तन आएको छ । वन तथा वातावरण मन्त्रालयको २०१९ को प्रतिवेदन अनुसार सन् २०४५ सम्म औसत तापक्रम ०.९२ देखि १.०७ डिग्री सेल्सियसको दरले र सन् २१०० सम्म १.७२ देखि १.८२ डिग्री सेल्सियसले वृद्धि हुने प्रक्षेपण गरिएको छ । २०१५) को समय अवधिमा नेपालमा करिब ४०,००० भन्दा बढि व्यक्तिहरुले विपद्का घटनाहरुका कारण ज्यान गुमाउनु परेको देखिन्छ । यसैगरी उल्लेखित अवधिमा ७५,००० भन्दा बढी व्यक्तिहरु घाइते भएको देखिन्छ भने करिब ३०,००,००० व्यक्तिहरु विपद्का कारण प्रभावित भएको देखिन्छ । (श्रोत : गृह मन्त्रालय, २०१८) ।

| नेपालमा जलवायु परिवर्तनको प्रक्षेपण | | | | | | |
|---|---|---|---|---|---|---|
| अवधि | RCP ४.५ | | | RCP ८.५ | | |
| | २०१६- २०४५ | २०३६- २०६५ | २०७१- २१०० | २०१६- २०४५ | २०३६- २०६५ | २०७१- २१०० |
| बर्षामा परिवर्तन (%) | | | | | | |
| उच्च हिमाली क्षेत्र | २.६ | ९.५ | १२.६ | ८.० | १४.४ | २५.१ |
| मध्य हिमाली क्षेत्र | १.७ | ७.६ | १०.३ | ६.३ | १२.४ | २१.७ |
| पहाडी क्षेत्र | २.१ | ७.२ | ९.९ | ५.८ | ११.२ | २२.६ |
| सिवालिक | १.६ | ७.४ | ९.९ | ५.८ | ११.१ | २१.९ |
| तराई | २.१ | ७.३ | १०.२ | ५.४ | १०.६ | २२.७ |
| तापमानमा परिवर्तन (%) | | | | | | |
| उच्च हिमाली क्षेत्र | ०.९५ | १.३६ | १.७९ | १.०९ | १.८६ | ३.६१ |
| मध्य हिमाली क्षेत्र | ०.८९ | १.२७ | १.६६ | १.०४ | १.७६ | ३.४४ |
| पहाडी क्षेत्र | ०.९ | १.२६ | १.६९ | १.०६ | १.८ | ३.५६ |
| सिवालिक | ०.९४ | १.२९ | १.७२ | १.१ | १.८७ | ३.६६ |
| तराई | ०.९३ | १.२९ | १.७३ | १.११ | १.८७ | ३.६९ |

श्रोत : वन तथा वातावरण मन्त्रालय, २०१९

१९७१ देखि २०१५ सम्मको तथ्याङ्क अनुसार नेपालमा विपद्का कारण ४० हजार भन्दा धेरै मानिसको मृत्यु भएको छ । विभिन्न विपद्का कारण प्रतिवर्ष औसतमा ९०० जनाको मृत्यु, १ लाख ३२ हजार मानिसहरु प्रभावित हुनेगरेको र ३० हजार घरहरुमा क्षति हुनेगरेको र सामान्य अवस्थामा कुल ग्राहस्थ उत्पादनको २ प्रतिशत विपद्को कारण नोक्सानी हुने गर्दछ । अझ २०७२ सालको भूकम्पले त कुल गार्हस्थ्य उत्पादनको करिव २५ प्रतिशत बराबर क्षति गरेको अनुमान गरिएको छ । नेपालमा विपद जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा (सन् २०१५-२०३०) लाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी मार्गदर्शन प्रदान गर्ने अन्तर्राष्ट्रिय दस्तावेजको रुपमा लिइन्छ । संयुक्त राष्ट्र सङ्घका सदस्यहरुले अनुमोदन गरेको यसै अन्तर्राष्ट्रिय दस्तावेज प्रति नेपाल सरकारको प्रतिबद्धता बमोजिम नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई विभिन्न निकायहरु मार्फत योजनावद्ध र व्यवस्थित गर्न बिभिन्न ऐन, नियम, नीति, रणनीति, कार्ययोजना, कार्यविधि तथा नियमावलीहरु वनाएको छ । यी मध्ये दैवी प्रकोप (उद्धार) ऐन, २०३९, स्थानीय स्वायत्त शासन

ऐन, २०५५, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६, जलवायु परिवर्तन नीति, २०६७, राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७०, बस्ती विकाश, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२, राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्रको कार्य संचालन विधि, २०७२, राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्यूनीकरण नियमावली, २०७६ तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) सम्बन्धित क्षेत्रमा शासकीय सुधार सम्बन्धी प्रमुख कानून तथा नीति एवं महत्वपूर्ण दस्तावेजहरु हुन । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई नेपालको संविधान, २०७२ मा पनि सङ्घ, प्रदेश र स्थानीय तहको साझा जिम्मेवारीको रुपमा तोकिएको छ भने यस कार्यलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय सरकारको जिम्मेवारीको रुपमा स्पष्ट पारिएको छ । साथै केन्द्रदेखि स्थानीय स्तरसम्म कानुन वमोजिम स्थापित विपद् व्यवस्थापन समितिहरु, नेपाल सरकारका विभिन्न निकाय एवम्. प्रतिष्ठानहरुलाई महत्वपूर्ण संस्थागत व्यवस्थाका रुपमा लिन सकिन्छ भने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले व्यवस्था गरेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद, कार्यकारी समिति, प्राधिकरण, प्रदेश, जिल्ला तथा स्थानीय तहका समितिहरु यस क्षेत्रका नयाँ संस्थागत व्यवस्थाका रुपमा रहेका छन । विपद् जोखिम न्यूनीकरणका लागि नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरु, सेन्डाई कार्यढाँचा, दिगो विकासको लक्ष्यहरु, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता आदिलाई सरकारी तवरवाट भएका महत्वपूर्ण प्रतिवद्धताका रुपमा लिन सकिन्छ । नेपालको वार्षिक औसत तापक्रम निरन्तर बढिरहेको छ र बढ्ने दर तराई क्षेत्रको भन्दा उच्च हिमाली क्षेत्रमा अझ बढी रहेको छ । त्यसैगरी नेपालको विभिन्न भू-भागमा वर्षा हुने स्वरुपमा पनि परिवर्तन भएको पाइएको छ ।

## १.३ विपद्को स्थानीय परिदृष्य

उष्णप्रदेशीय हावापनी पाईने यस गाउँपालिकामा वैशाख-जेष्ठ महिनामा अधिकतम तापक्रम ३८° सेल्सियस सम्म पुग्ने गर्दछ भने पुस-माघ महिनामा न्यूनतम तापक्रम १५.६° सेल्सियस सम्म झर्दछ । यस गाउँपालिकामा असार-साउन-भदौ महिनामा अधिक वर्षा हुने गर्दछ । समथर धरातलीय अवस्था तथा मौसमजन्य परिवर्तनका कारण विभिन्न विपद्का घटनाहरु भई धनजनको क्षति हुने गरेको छ । सङ्कटासन्नता तथा क्षमता विश्लेषणका क्रममा विगत २५-३० वर्षको ऐतिहासिक घटनाक्रमहरुलाई विश्लेषण गर्दा बाढीले उल्लेख्य मात्रामा जनधनको क्षति गरेको देखिन्छ । बाढीले घर-गोठ तथा सार्वजनिक संरचनाहरुमा क्षति गर्ने, खेतीपाती नष्ट गर्ने, खेतवारीमा माटो पटान गर्ने, सडक अवरुद्ध हुने, सामुदायिक वनमा क्षति गर्ने र सङ्कटासन्न परिवारहरु अस्थायी वा स्थायी रूपमा बिस्थापित हुने गरेका छन् । यसक्षेत्र भएर बग्ने ………… लगायतका खोला तथा नालाहरूले मुख्य क्षति गर्ने गरेका छन भने कतिपय वडामा पानीको निकास नहुँदा डुवान हुने गरेको छ । बाढीका अलावा सडक दुर्घटना, हावाहुरी, कृषि बालीमा लाग्ने रोगकिरा, आगलागी, शीतलहर, खडेरी, सर्पदंश, चटयाड जस्ता प्रकोपहरूले पनि वर्षेनी जनधनको क्षति गर्ने गरेका छन् ।

फागुनदेखि जेठसम्म खडेरी, हावाहुरी तथा आगलागिको जोखिम रहेको छ भने असार देखि भदौसम्म बाढी, पौष तथा माघ महिनामा शीतलहर, माहामारी, सर्पको टोकाइको जोखिम सबै महिनामा हुने गरेको छ । गाउँपालिकाले विपद् जोखिम न्यूनीकरणका लागि नीतिगत तथा संरचनागत तयारीहरु गरेको छ । पालिका तथा वडा स्तरमा विपद् व्यवस्थापन समिति गठन भइ सक्रिय रहेका छन् । बाढीवाट उच्च प्रभावित वडाहरु ……. रहेको छ ।

## १.४ नवराजपुर गाउपालिकाको परिचय


नेपाल सरकारले मिति २०७३ फाल्गुण २७ गते गरेको स्थानीयतहहरुको घोषणामा साविकका नवराजपुर गा.वि.स., मझौरा गा.वि.स. तथा भगवतीपुर तामासुईया गा.वि.स. गरी जम्मा ३ (तीन) वटा गा.वि.स. हरु समेटेर नवराजपुर गाउँपालिकाको स्थापना भएको हो । यस गाउँपालिकामा ५ वटा वडा कायम गरिएको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल ३२.१८ वर्ग.कि.मी रहेको छ भने राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा कुल २० हजार ७८८ जनसंख्या रहेको छ । यस गाउँपालिकाको मुख्य केन्द्र हुलाकी राजमार्ग सोनवर्षा चौकमा अवस्थित छ । यसको पूर्वमा भगवानपुर गाउँपालिका, पश्चिममा बरियारपट्टी, उत्तरमा सखुवा

ननकारकट्टी र लक्ष्मीपुर पतारी गाउँपालिका रहेका छ भने दक्षिणमा भारतको मधुबनि जिल्ला रहेको छ । नवराजपुर गाउँपालिका सिरहा जिल्लाको पूर्वी दक्षिणी भागमा रहेको एउटा ऐतिहासिक गाउँपालिका हो ।

यस गाउँपालिकामा खास गरी यादव, खत्वे मण्डल, तेलि (साह), सुडी, कलवार, तत्मा, अमात, थारु, हलुवाई, कोइरी, डोम, दुसाद, मलाह, मुसलमान, बड्ही, हजाम (ठाकुर), आदी जातजातीका मिश्रित बसोबास रहेको पाईन्छ । यस गाउँपालिकामा बसोबास गरी रहेको बासिन्दाहारुको मुख्य बोल चालको भाषा मैथली हो भने मुख्य पेशा कृषि हो । यस गाउँपालिकाको अधिकांश जग्गाहरुमा मौसम अनुसारको नगदे बाली धान, गहुँ, तोरी, आलु, उखु र दाल दल्हन लगायतका प्रमुख बालीहरु उब्जने गरेको पाईन्छ । यस गाउँपालिकाका बासिन्दाहरु गाई, भैंसी, बाखा लगायतका जनावरहरु यहाँको कृषि क्षेत्रमा लागेका किसानहरुको सबै घर घरमा राख्ने जनावरहरु हुन ।

## १.५ भौगौलिक अवस्था

नवराजपुर गाउँपालिका सिरहा जिल्लाको पुर्वी दक्षिण भागमा रहेको एउटा ऐतिहाँसिक गाउँपालिका हो । मधेश प्रदेश अन्तर्गत सिरहा जिल्लामा अवस्थित यस गाउँपालिकाको पूर्वमा भगवानपुर गाउँपालिका, पश्चिममा बरियारपट्टी, उत्तरमा सखुवा ननकारकट्टी र लक्ष्मीपुर पतारी गाउँपालिका रहेका छ भने दक्षिणमा भारतको मधुवनी जिल्ला रहेका छ ।




## १.६ शैक्षिक तथा सामाजिक अवस्था


नवराजपुर गाउँपालिकाको कूल साक्षरता दर ५७.७% रहेका छ जसमा पुरुष साक्षरता ६९.१% र महिला साक्षरता ४७% रहेको छ । (श्रोतः राष्ट्रिय जनगणना,२०७८) । यस गाउँपालिकामा जम्मा १८ वटा शैक्षिक संस्थाहरु ( सामुदायिक+संस्थागत+बालविकास केन्द्र) रहेका छन् जसमा सामुदायिक तर्फ वालविकास केन्द्र ........, आधारभूत तह ......., मावि तह ......... रहेका छन भने संस्थागत तर्फ मा.वि तह ...... तथा बाँकी ...... आधारभूत तहका विद्यालयहरु रहेका छन् (श्रोत :शिक्षा शाखा) । पालिकामा विभिन्न जातजाति, धर्म संस्कृति र पेशा मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । कूल ४२२६ घरधुरी रहेको यस गउाँपालिकामा जातिगत रुपमा हेदा सबैभन्दा धेरै ........, दोस्रोमा ...... , तेस्रोमा .........र चौथोमा ......., पाँचौमा ...... तथा छैठौमा ........ रहेका छन । औषत परिवारमा कृषि व्यवसायले आम्दानीको मुख्य हिस्सा ओगटेको यस गाउँपालिकामा वैदेशिक रोजगारीमा जानेहरुको संख्या पनि उल्लेख्य मात्रामा रहेको छ ।

## १.७ जनसंख्याको विवरण

राज्य पुर्नसंरचना हुँदा साबिकका ४ वटा गाविसहरू परासन, त्रिभुवनवस्ती, कालिका र बाईसेबिचवा गाविसका वडा नं १, २, ३, ४ र ५ लाई मिलाई हालको पुनर्वास नगरपालिका वनेको हो भने हाल यस नगरपालिकामा ११ वटा वडाहरु रहेका छन । कुल ६१,७४८ जनसंख्या, पुरुष २८,१५५ (४५.६%) र महिला ३३,५९३ (५४.४%) (श्रोत : राष्ट्रिय जनगणना, २०७८) रहेको या` नगरपालिका करीव १०३.७१ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको छ । नगरपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै १७,०१७ (२७.६%) क्षेत्री, दोस्रोमा ८,३७७ (१३.६%) विश्वकर्मा, तेस्रोमा ८,२१३ (१३.३%) रानाथारु र चौथोमा ६,६२० (१०.७%) तामाङ्ग, पाँचौमा ६०७१ (९.८%) व्राम्हण तथा छैटौमा ४५०६ (७.३%) थारु रहेका छन । त्यसैगरी ठकुरी २७२३ (४.४%), मिजार २१४७ (३.५%), परियार २०६४(३.३%), लोहार ९०३ (१.५%), मगर ७२८, गुरुङ्ग ६६६, नेवार ३९०, सन्यासी/दशनामी २६० लगायत व्राम्हण-तराई, घर्ती/भुजेल, कुमाल, माझी, सोनार, सुनुवार, राई, मुशलमान, राजवंशी, वादी आदि जातजातिहरुको बसोवास रहेको छ । वडागत जनसंख्या तथा जातजातिको विवरण तालिका नं १ मा प्रस्तुत गरिएको छ ।

## १.७ नवराजपुर गाउपालिकाको वडागत जनसङ्ख्या विवरण

तालिका नं १ : वडागत जनसङ्ख्या विवरण




## १.८ लाभान्वित जातजातिको अवस्था

तालिका नं २ : जातिगत आधारमा घरधुरी विवरण


| क्र.सं. | जातजाति | कूल जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | यादव | ९८८८ | ४९४८ | ४९४० |
| २ | मुसलमान | १६९२ | ८५५ | ८३७ |
| ३ | तेली | १२६९ | ६२२ | ६४७ |
| ४ | मुसहर | ९५६ | ४३८ | ५१८ |
| ५ | मलाह | ९४८ | ४३८ | ५१७ |
| ६ | खत्वे | ९६० | ४६६ | ४९४ |
| ७ | कोइरी | ७३३ | ३४८ | ३८५ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

## १.९ अपाङ्गताको आधारमा जनसङ्ख्या

यस गाउँपालिका भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरूको कुल जनसङ्ख्या राष्ट्रिय जनगणना बमोजिम ४१५ रहेको छ । सबैभन्दा धेरै शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको जनसङ्ख्या २७.९ प्रतिशत रहेको छ भने न्यून दृष्टियुक्त भएका व्यक्तिहरुको जनसङ्ख्या २८.६ प्रतिशत, बहिरोपन ६.३ प्रतिशत, न्यून श्रवणशक्ति २.३ प्रतिशत, बहुअपाङ्गता ५.९ प्रतिशत, मानसिक वा मनोसामाजिक ६.९ प्रतिशत, दृष्टिविहीन ११.५ प्रतिशत, मनोसामाजिक अपाङ्गता ३.१ प्रतिशत, बहिरोपना एवम् दृष्टिविहीन ३.३ प्रतिशत, बौद्धिक अपाङ्गता ३.३ प्रतिशत रहेको छ । अपाङ्गताको प्रकारका आधारमा जनसङ्ख्याको विवरणलाई तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३ : अपाङ्गताको आधारमा जनसङ्ख्या




स्रोत : राष्ट्रिय जनगणना २०७८

## २.१ आर्थिक अवस्था

नेपाल सरकारको सोह्रौं आवधिक योजना, (आ.व.२०८०/०८१-२०८५/०८६) मा आ.व.२०८०/०८१ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि र गैर कृषि क्षेत्रको योगदान क्रमशः २४.१ प्रतिशत र ७५.९ प्रतिशत हुने अनुमान गरिएको छ । नवराजपुर गाउँपालिकाका ७५ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न भएको देखिन्छ । अधिकांश मानिसहरुले कृषि पेशालाई व्यवसायिक भन्दा पनि निर्वाहमुखी र परम्परागत पेशाका रुपमा अंगालेको देखिन्छ । गाउँपालिकाको अर्थतन्त्र मुख्यतया कृषि, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, नोकरी, बैदेशिक रोजगार जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ । उपयुक्त हावापानी, माटोको बनोट तथा समतल भूमि भएको यस गाउँपालिकामा कृषिको लागि उपयुक्त उर्वर माटो भएको हुँदा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन् । मिल, फर्निचर उद्योग, कुखुरा पालन, पन्छीपालन, इट्टा उद्योग,चिनी मिल, आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन ।

## २.२ भौगौलिक तथा प्राकृतिक श्रोतको अवस्था

यस नवराजपुर गाउँपालिका क्षेत्र भएर वग्ने मुख्य नदी तथा खोलाहरुमा ............पर्दछन् । गाउँपालिकामा खासगरी आँपको रुख, सिसौ जस्ता रुखहरु रहेको छ ।

२.३ मानवीय अवस्था : यस गाउँपालिकाका मानिसहरू मूलतः कृषि पेशामा आवद्ध रहेका छन र उनीहरू निर्वाहमुखी कृर्षि गरिरहेका छन । यसका अलावा ज्याला मजदुरी, बैदेशिक रोजगारी, व्यापार व्यवसाय तथा केही मानिसहरू सरकारी जागिरमा पनि संलग्न रहेका छन । गाउँपालिकामा २७ जना महिला स्वास्थ्य स्वयंसेविका तथा ...... जना स्वास्थ्यकर्मी तथा .........जना सामुदायिक विद्यालयमा शिक्षकहरु रहेका छन् ।

## २.३ जलवायु/विपद्जन्य प्रकोप, हावापानीको अवस्था र प्रभाव

सिरहा जिल्लाको विपद्को इतिहास अध्ययन गर्ने हो भने भूकम्प, बाढी, पहिरो, हुरिबतास, चटयाङ, आगलागी, शीतलहर, महामारी, सर्पदंश र सडक दुर्घटना आदि मुख्य विपद्मा पर्दछन । जिल्लाको दक्षिणी भूभागमा पर्ने भएको कारणले खहरे खोलाहरुमा बाढी आउदा दक्षिण तर्फको समथर भूभागमा वर्षातमा डुवान हुने र खेतीयोग्य जमिनमा वालुवा, गेग्रानहरू थुप्रिइ खेतवारीमा उत्पादनमा प्रत्यक्ष प्रभााव पर्ने गरेको छ । विपद्ले गर्ने क्षति र यसको पुनरावृत्तिको अवस्थालाई विश्लेषण गर्दा सबैभन्दा बढी क्षति बाढीले गरेको छ, जसको पूनरावृत्ति पनि उच्च रहेको छ । मूलतः बाढीले घर जग्गा डुवान गर्ने, खेतियोग्य जमिन तथा सडक प्रभावित हुँदै आएको छ । यसबाट मानिसहरू अस्थायी वा स्थायी रूपमा विस्थापित हुने गरेका छन । बाढी बाहेक हावाहुरी, शीतलहर, सुख्खा/खडेरी, आगलागी, चटयाङ, सडक दुर्घटना, महामारी आदि प्रकोपबाट पनि उल्लेख्य क्षति भइरहेको छ । यस गाउँपालिका क्षेत्रमा गत ३५ वर्षमा ५० पटक भन्दा बढी साना र ठूला बाढीका घटनाहरू भएका छन् । यस क्षेत्रमा भएर बग्ने ................ लगायतका खोला तथा नालाहरूले बाढी सिर्जना गर्दछन् भने कतिपय वडामा पानीको निकास नहुँदा डुवान हुने गरेको छ ।

तालिका नं. ४ : नवराजपुर गाउँपालिकाको प्रकोप स्तरिकरण

| प्रकोपहरु | आगलागी | बाढी | महामारी | खडेरी | हावाहुरी | सर्पदंश | चट्याङ्ग | सडक दुर्घटना |
|---|---|---|---|---|---|---|---|---|
| आगलागी | × | आगलागी | आगलागी | आगलागी | हावाहुरी | आगलागी | आगलागी | सडक दुर्घटना |
| बाढी | × | × | महामारी | बाढी | हावाहुरी | बाढी | बाढी | सडक दुर्घटना |
| महामारी | × | × | × | महामारी | हावाहुरी | महामारी | महामारी | सडक दुर्घटना |
| खडेरी | × | × | × | × | हावाहुरी | सर्पदंश | खडेरी | सडक दुर्घटना |
| हावाहुरी | × | × | × | × | × | हावाहुरी | हावाहुरी | सडक दुर्घटना |
| सर्पदंश | × | × | × | × | × | × | सर्पदंश | सडक दुर्घटना |
| चट्याङ्ग | × | × | × | × | × | × | × | सडक दुर्घटना |
| सडक दुर्घटना | × | × | × | × | × | × | × | सडक दुर्घटना |
| जम्मा अंक | 5 | 3 | 4 | 1 | 6 | 2 | 0 | 7 |
| स्तर | 3 | 5 | 4 | 7 | 2 | 6 | 8 | 1 |

# परिच्छेद : दुई

# योजनाको परिचय, दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

## २.४ पृष्ठभूमि

नेपाल बहु-प्रकोपको उच्च जोखिममा रहेको छ । यहाँको विषम भू-वनावट, कमजोर भौगर्भिक अवस्था तथा मौसमी विषमताको कारण भूकम्प, बाढी, पहिरो, खडेरी, हिमताल विष्फोटन, चटयाङ, आगलागी तथा महामारी जस्ता प्रकोपहरुका कारण प्रत्येक वर्ष ठूलो जनधनको हानी नोक्सानी हुने गरेको छ । विश्वव्यापी जलवायु परिवर्तनको प्रतिकूल प्रभाववाट समेत थप जोखिममा रहेको छ । यहाँ तापक्रम बढ्दै जानुका साथै बर्षा पनि अनियमित हुने गरेको छ । नेपालको भौगोलिक भू-वनोटका आधारमा हिमाल, पहाड र तराईमा फरक फरक प्रकारका विपद्का घटना घटने गरेका छन । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरुबाट प्रतिबद्धता भएको विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा (सन् २०१५-२०३०) लाई आत्मसाथ गरी नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था गरेको छ भने देश एकात्मक व्यवस्थावाट सङ्घीय व्यवस्थामा रुपान्तरण हुँदा विपद् व्यवस्थापनमा तहगत भूमिका पनि प्रष्ट गरिएको छ । यही अधिकार क्षेत्र र मार्गदर्शन अनुसार आवश्यक ऐन, नियमावली, नीति, रणनीति, तथा माार्गदर्शनहरु तर्जुमा गरी तत् तत् निकायले कार्यान्वयन गरिरहेका छन । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (२०७४), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति (२०७५), विपद् जोखिम न्यूनीकरण नियमावली (२०७६) तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) सम्बन्धित क्षेत्रमा शासकीय सुधार सम्बन्धी प्रमुख कानुन तथा नीति एवं योजनाहरु हुन् । यी कानूनी तथा नीतिगत व्यवस्थाहरुका अतिरिक्त विपद् जोखिमका बिभिन्न चरणहरु सम्बन्धित मार्गदर्शन, कार्यसंरचना तथा कार्यविधिहरु पनि रहेका छन् । यसै परिप्रेक्ष्यलाई मध्यनजर राखी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार

गरेको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका,२०७४ (मस्यौदा) लाई निर्माण निर्देशिकाको रुपमा लिदै यस पुनर्वास नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरिएको हो ।

**२.५ दीर्घकालीन सोच :** विपद् जोखिम न्यूनीकरण तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यहरुलाई संस्थागत गरी विपद् जोखिमवाट सुरक्षित, अनुकूलित तथा उत्थानशील गाउँपालिका निर्माण गर्ने यस योजनाको दीर्घकालीन सोच रहेको छ ।

## २.६ लक्ष्य

स्थानीय स्तरमा बारम्वार दोहोरिने बहुप्रकोपवाट मानवीय, आर्थिक, भौतिक, र प्राकृतिक क्षतिलाई कम गर्दै तिनीहरुको उत्शानशीलता वृद्धि गर्नु र विपद् तथा जलवायु परिवर्तनका कार्यक्रमहरुलाई गाउँपालिकाको नियमित विकास प्रक्रियामा मूलप्रवाहीकरण गरी एक नमुनायोग्य एवम् उत्थानशील गाउँपालिका निर्माण गर्नु यस योजनाको लक्ष्य हुनेछ ।

**२.७. योजनाको उद्देश्य** आपतकालीन अवस्थामा सम्भावित खतराहरुको पूर्वानुमान, शीघ्र पहिचान तथा प्रभावितहरुको जीवनरक्षा, सम्पति तथा जिउधनको सुरक्षा र संरक्षण गरी मानवीय सङ्कटको सामना गर्नको लागि प्रभावकारी पूर्वतयारी तथा प्रतिकार्य गर्न दिशानिर्देश गर्नु यस योजनाको मुख्य उद्देश्य हो । यसका अलावा अन्य केही विशिष्ट उद्देश्यहरु रहेका छन्, जुन निम्नअनुसार रहेका छन् ।

### विशिष्ट उद्देश्यहरु

१. सम्भावित विपद् एवम् जलवायुको जोखिम कम गर्न, विपद्को समयमा आपत्कालीन कार्य सम्पादन तथा प्रभावकारी प्रतिकार्य गर्न आवश्यक दिशानिर्देश गर्ने ।
२. विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तनका क्रियाकलापहरुलाई नियमित बिकास निर्माणमा मूलप्रवाहीकरण गर्दै पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरुलाई एकीकृत र समन्वयात्मक तवरमा सञ्चालन गर्न सहयोग गर्ने ।
३. बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास एवं विस्तार गरी पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी वनाउने
४. विपद् तथा जलवायु उत्थानशीलताका क्षेत्रमा विद्यमान नीति तथा दिशानिर्देशहरु र गाउँपालिकामा आपतकालीन समयका लागि तयारी गरिएका/भएका विद्यमान क्षमता, सङ्कटासन्नता तथा जोखिमको विश्लेषण गरी आपतकालीन अवस्थामा हुन सक्ने सम्भाव्य क्षतिलाई कम गर्न मद्दत गर्ने ।
५. स्थानीय तहको शासन प्रणालीलाई जोखिम संवेदनशील र विपद्मैत्री वनाई आपतकालीन अवस्थामा जोखिममा रहेका व्यक्ति तथा समूहको तत्काल खोज तथा उद्धार र राहतको सुनिश्चित गर्ने ।
६. “अझ राम्रो र अझ बलियो” अवधारणा अनुरुप विपद् पश्चातको पुनर्लाभ, पुनर्स्थापना र पुननिर्माण सुनिश्चित गर्ने ।

## २.८. रणनीतिहरु

नवराजपुर गाउँपालिकाद्वारा तयार गरिएको यस स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई गाउँपालिकाले आवश्यक प्रक्रिया पूरा गरी योजना कार्यान्वयनमा जानेछ । योजना कार्यान्वयनको क्रममा गाउँपालिकाले प्रदेश सरकार, सङ्घीय सरकार, विकासका साझेदारहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी, निजीक्षेत्र, विपद् व्यवस्थापन समिति, समुदाय, निजी संस्थाहरु, जिल्ला स्थित् सरकारी कार्यालय तथा सुरक्षा निकायहरुसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ । योजनामा उल्लेख गरिएका उद्देश्य पूरा गर्नका लागि देहाय वमोजिमको कार्यान्वयन रणनीति/प्राथमिकता रहनेछन ।

## २.९ सुशासन, नेतृत्व र जबाफदेहीता

- नीतिगत, सङ्गठनात्मक तथा व्यवस्थापकिय संरचनामा समयानुकूल परिमार्जन तथा सुधार गरिनेछ ।
- गाउँपालिकावाट प्रवाह हुने सेवाप्रवाहका वारेमाा सार्वजनिक सुनुवाइ तथा सामाजिक परिक्षण जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ जसले गर्दा समुदायको संलग्नता वृद्धि गर्न मद्दत हुनेछ ।
- विपद् जोखिमको बुझाइ बृद्धि गरिने तथा जनचेतनामूलक तथा सूचनामूलक कार्यक्रमहरु तयार गरी सूचना तथा संचारका माध्यमहरुको प्रभावकारी उपयोग गरिनेछ ।
- पालिका क्षेत्रमा भएका प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुको अध्ययन-अनुसन्धान तथा नियमित रुपमा सुक्ष्म निगरानी गरिनेछ र उक्त अध्ययन-अनुसन्धानमा सरकारी निकायहरु, विकास साझेदार, निजी तथा गैरसरकारी संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी लगायत सरोकारवालाहरुलाई प्रोत्साहन गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्वयंसेवक परिचालनका लागि समुदाय स्तरमा संस्थागत व्यवस्था सुनिश्चित गरिनेछ ।
- आपतकालीन अवस्थाका लागि नगरपालिकाको आधारभूत सेवा सञ्चालन सम्बन्धि प्रोटोकल तयार गरी कार्यान्वयन गरिनेछ ।
- प्रहरी, एम्वुलेन्स, दमकल जस्ता आकस्मिक सेवाका सम्पर्क नम्बरलाई अद्यावधिक गरी सबैले देख्ने स्थानमा राखिनेछ ।
- विपद् पूर्वसूचना प्रणालीलाई आधुनिकीकरण, गुणस्तरीय तथा प्रविधिमैत्री वनाई बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास एवं विस्तार गरी पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी वनाइनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई प्रभावकारी वनाउन जवाफदेहीता, पारदर्शिता र उच्च गुणस्तरियता सुनिश्चित गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा निजी क्षेत्रको संलग्नतालाई प्रोत्साहन गरिनेछ ।
- विपद् व्यवस्थापनमा स्थानीय सरोकारवालाहरुको भूमिका र क्षमताको पहिचान गरी नगरपालिकाको समग्र क्षमता तयार गरिनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुमा सर्वसाधरणको जानकारीको लागि सुरक्षा सम्बन्धी संकेत चिन्हहरु उपयुक्त स्थानमा स्पष्ट देखिने गरी राखिनेछ ।
- आपतकालीन अवस्थाका लागि खाद्य तथा गैरखाद्य सामग्रीहरु, औषधी, औजार तथा उपकरणहरु तयारी अवस्थामा राखिनेछ ।
- आपतकालीन अवस्थामा तत्कालै सेवा पुऱ्याउन तोकिए बमोजिम द्रुत प्रतिकार्य टोली [Rapid Response Team] तयार गरिनेछ ।
- आपतकालीन समयमा हुन सक्ने लैङ्गिक हिंसाका घटना हुन नदिन आचार संहिता निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी नगरपालिकावाट भए/गरेका क्रियाकलापहरु समेटिएको विवरण अद्यावधिक गरी बार्षिक प्रकाशन गरिनेछ ।

## ३.१ विपदका लागि भौतिक पूर्वाधार विकास र सुदृढ पूर्वतयारी

- गाउँपालिका तथा वडा कार्यालयका भवनहरुको लेखाजोखा गरी चट्याड छल्ने (Anti-Lightening) प्रविधिको जडान, बैकल्पिक भऱ्याङको व्यवस्था,आगो निभााउने यन्त्र, अटोफायर अर्लाम, स्मोक डिटेक्टर आदि जडान गरिनेछ ।

- विकास निर्माणमा ठूला भौतिक पूर्वाधारहरुको डिजाइन गर्दा विपद् तथा जलवायु परिवर्तनको प्रभाव सम्बन्धी अध्ययन तथा जलवायु परिवर्तन अनुकूलित पूर्वाधार निर्माणमा जोड दिइनेछ ।
- गाउँपालिकामा आपतकालीन अवस्थामा आधारभूत सेवा सुनिश्चित गर्न कर्मचारीहरुको सुरक्षा, कार्यक्रमको तयारी, प्रशासनिक तयारी, आवश्यक समन्वय सहकार्य र क्षमता विकास आदि क्षेत्रलाई तयारी अवस्थामा राखिनेछ ।
- विपद् पश्चातको अवस्थालाई ध्यानमा राखि खुला र सुरक्षित क्षेत्रको पहिचान तथा विपद्का समयमा भेला हुने केन्द्र र वसोवास क्षेत्रबाट त्यहाँसम्म पुग्ने बैकल्पिक बाटो, खानेपानी, सरसफाइ लगायत अत्यावश्यक सुविधाको लागि आवश्यक तयारी गरिनेछ ।
- कार्यालयमा पावर तथा तथ्याङ्क ब्याकअपको पर्याप्त प्रवन्ध गरिनेछ ।
- विपद् संवेदनशीलताको अवधारणा अनुरुप सार्वजनिक भौतिक संरचनाहरु (सरकारी कार्यालय, शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्थाहरु, सामुदायिक भवनहरु, आश्रयस्थल) आदिलाई जेष्ठ नागरिक मैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री एवम् वालमैत्री वनाउदै लगिनेछ ।
- विपद् जोखिमवाट सुरक्षित भवन निर्माण कार्यलाई प्रोत्साहन गर्न भवन निर्माण संहितालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।
- शैक्षिक संस्था, सामुदायिक भवन, स्वास्थ्य संस्था तथा अन्य आश्रय स्थलहरुको स्तरोन्नती गरी आपतकालीन अवस्थामा उपयोग गर्न मिल्ने आवश्यक व्यवस्था मिलाइनेछ ।
- आपतकालीन अवस्थामा खानेपानी तथा सरसफाइ, यातायात, विद्युत, दुरसंचार तथा स्वास्थ्य सेवाहरु सुचारु हुने कुराको सुनिश्चित गरिनेछ ।
- पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणका लागि आवश्यक योजना तयार गरी कार्यान्वयन गर्न आवश्यक श्रोतको व्यवस्था मिलाइनेछ ।

### ३.२ बहुपक्षीय सहकार्य

- विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनका कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयन गर्न स्थानीय सरकार, प्रदेश सरकार, सङ्घीय सरकार, मानवीय तथा विकास साझेदार संस्था, निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गरिनेछ ।
- विपद जोखिम व्यववस्थापनका लागि समुदायमा आधारित संस्थाहरु, स्थानीय गैरसरकारी संस्थाहरु, उपभोक्ता समिति र नागरिक समाज संस्थाहरु बिच समन्वय तथा सहकार्यका लागि आवश्यक संयन्त्र तयार गरिनेछ ।
- विपद्का कारण हुनसक्ने क्षतिको क्षतिपूर्तिका लागि निजी, सरकारी तथा सामुदायिक भवन, शैक्षिक संस्था तथा स्वास्थ्य सम्बन्धी संस्थाहरु, खानेपानी लगायत अन्य भौतिक संरचनाहरुमा बीमा गर्न प्रोत्साहन गरिने ।
- विपद् प्रभावित क्षेत्रमा जोखिम हस्तान्तरणका लागि कृषि, पशुपन्छी तथा व्यापार व्यवसायमा बीमा गराउने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- पारिस्थितिकीय प्रणाली संरक्षण गर्न र विपद् व्यवस्थामा भएका सिकाईहरु साटासाट गर्न छिमेकी पालिकाहरुँग सहकार्य गरिनेछ ।

## ३.३ क्षमता विकास

- गाउँपालिकाका कर्मचारी, जनप्रतिनिधि, वडा तथा नगर स्तरीय विपद् व्यवस्थापन समिति तथा सरोकारवालालाई विपद् व्यवस्थापनका लागि (बाढी,आगलागी, भूकम्प, हुलदंगा आदि) र आपतकालीन उद्धार गर्ने प्रभावकारी विधिका बारेमा अभिमुखीकरण तथा नमूना अभ्यास गर्ने ।
- समितिका पदाधिकारी तथा सदस्य तथा अन्य स्वयंसेवकहरुका लागि विपद् व्यवस्थापन, प्रकोप सङ्कटासन्नता र क्षमता विश्लेषण, कार्ययोजना निर्माण लगायतका विषयमा तालिमहरु दिइनेछ ।
- स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र सञ्चालनमा ल्याई विपद् व्यवस्थापन कार्यको सहजीकरण गर्ने गरी क्षमता सुदृढीकरण गर्दै सिकाइ केन्द्रको रुपमा विकास गरिनेछ ।
- पूर्वतयारी तथा प्रतिकार्य योजनाका वारेमा अग्रपंत्तीमा खटिएर काम गर्ने स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक, पेरीफेरीका स्वास्थ्यकर्मी तथा विपद् व्यवस्थापन समितिलाई तालिम दिने ।
- विपद् प्रतिकार्यलाई प्रभावकारी वनाउन खोज तथा उद्धार, प्राथमिक उपचार, स्वयंसेवक आदि टोली गठन तथा आवश्यक क्षमता विकास गरिनेछ ।
- स्थानीय पाठयक्रममा विपद्को च्याप्टर अध्यापन गराउने शिक्षकहरुको विपद् व्यवस्थापनमा साझा बुझाइ तथा आवश्यक क्षमता विकास गरिनेछ ।

## ३.४. योजनाको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

- गाउँपालिकाको वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्दा यस योजनालाई मार्गदर्शनको रुपमा लिइ कार्यान्वयन गरिनेछ ।
- स्थानीय ज्ञान, सिप, श्रोत र साधनको अधिकतम उपयोग गर्दै समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।
- विपद् प्रतिकार्यलाई प्रभावकारी वनाउन सबै क्षेत्रका सरोकारवालाहरुको सहभागिता रहने गरी विषयगत क्षेत्र (Cluster Approach) को अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।
- विपद् प्रभावित क्षेत्रहरुमा बाढी, डुवान, खडेरी र बन्यजन्तुको आतंक प्रतिरोधी तथा जलवायु अनुकूलित खेती प्रणालीमा जोड दिइनेछ ।
- जीविकोपार्जनका उपायहरुलाई विविधिकरण गरी विपद् उत्थानशील समुदाय निर्माण गरिनेछ ।
- आपतकालमा अग्रपंतिका खटिएर काम गर्ने स्वास्थ्यकर्मी, स्वयंसेवक तथा कार्यदलको सुरक्षाको आवश्यक प्रवन्ध मिलाउने ।
- विपद्को प्रभावकारी प्रतिकार्य गर्न गाउँपालिकास्थित विषयगत क्षेत्रहरुको आपतकालीन योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- योजना कार्यानवयन गर्दा मानवीय सिद्धान्तहरु, मानवता(Humanity), तटस्थता (Neutrality) , निष्पक्षता (Impartiality) को पालना तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion) लाइ अनिवार्य ध्यान दिइनेछ ।
- आपतकालीन अवस्थामा जोखिममा रहेका वर्ग/समूह खासगरि बालबालिका, गर्भवती तथा सुत्केरी आमाहरु, जेष्ठ नागरिक, गरिव तथा विरामी,घाइते तथा अपाङ्गता भएका व्यक्तिहरुको जीवनरक्षा र आधारभूत स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितताको आवश्यक व्यवस्था मिलाइनेछ ।

- समुदायमा रहेका प्रकोप तथा जोखिमको पहिचान तथा क्षमताको लेखाजोखा, योजना निर्माणका सबै प्रक्रियामा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरी योजनाको कार्यान्वयन गरिनेछ ।
- विपद् जोखिम तथा जलवायु अनुकूलनका कार्यक्रमहरूलाई बार्षिक तथा आवधिक विकासका योजनाहरूमा मूलप्रवाहीकरण गर्दै लगिनेछ ।
- पालिकास्तरीय विपद् व्यवस्थापन समिति मार्फत योजना कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- योजनालाई आवश्यकता अनुसार पुनरावलोकन गर्दै लगिनेछ ।
- आपतकालीन अवस्थामा पनि खानेपानी तथा सरसफाइ, यातायात, विद्युत, दूरसञ्चार तथा स्वास्थ्य सेवाहरु सुचारु गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।

## ३.५. योजनाको आवश्यकता तथा महत्व

संङ्घीय संरचनामा स्थानीय स्तरको विपद् व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारमा रहेको छ जसका लागि संघ, र प्रदेश सरकारले आवश्यक सहजीकरण गर्ने प्रवन्ध गरिएको छ । जलवायु परिवर्तन एवम् विपद्का कारण सामाजिक, आर्थिक, पर्यावरणीय र विकासका संरचनाहरूमा नकारात्मक असर पुगेको छ भने यसको असरबाट गरिब, विपन्न, महिला, बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रित समुदायहरु बढी प्रभावित हुन्छन् भन्ने तथ्य विभिन्न अध्ययनहरुले प्रष्ट पारिसकेका छन् ।

२०७२ सालको महाभुकम्प, कोभिड १९ महामारी तथा बिभिन्न विपद्को सामना गर्न विद्यमान प्रणालीलाई थप उत्थानशील वनाउनुपर्ने आवश्यकता रहेको छ । विपद् व्यवस्थापनका बिभिन्न चरणहरुमा गरिने कार्यहरूलाई व्यवस्थित र प्रभावकारी वनाउनका लागि पालिका स्तरमा गरिने यस योजनाले विपद् जोखिम न्यूनीकरणका लागि आवश्यकता अनुसार बार्षिक तथा आवधिक विकास योजना तथा प्रक्रियामा विपद् तथा जलवायु उत्थानशीलतालाई मूलप्रवाहीकरण गर्दै विपद्पूर्व, विपद्को समयमा र विपद् पश्चात गर्नुपर्ने कार्यलाई प्राथमिकीकरण गर्नुपर्ने हुन्छ । यस योजनाले समावेशी र सहभागितामूलक विधिको प्रयोग मार्फत् पालिका क्षेत्रमा रहेका सङ्कटासन्नताको पहिचान, स्तरीकरण तथा क्षमता विश्लेषण गर्दै जोखिम न्यूनीकरण तथा प्रतिकार्य गर्न तथा विपद् तथा जलवायु परिवर्तन अनुकूलनका लागि स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालनमा जोड दिन्छ र आपतकालीन अवस्थामा अत्यावश्यक सेवा प्रभावित हुन नदिन आवश्यक निशानिर्देश गर्नेछ । यसका अलावा यस योजनाका अन्य केही महत्वहरु छन जसले यसको आवश्यकतालाई पुष्टि गर्दछ ।


- विपद् व्यवस्थापनलाई प्रभावकारी वनाउन आवश्यक नीतिगत,कानुनी तथा संस्थागत ब्यवस्था तयार गर्न मद्दत गर्न ।
- विपद् सूचना प्रणालीलाई आधुनिकीकरण, गुणस्तरीय तथा प्रविधिमैत्री वनाई एकीकृत विपद् सूचना प्रणालीको विकास गर्न सहयोग गर्न ।
- आपतकालीन अवस्थामा तत्काल पहिचान, प्रतिकार्य तथा व्यवस्थापनका लागि दिशानिर्देश गर्न ।
- समन्वय र सहकार्यको माध्यमवाट श्रोत परिचालन र जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न ।
- आपत्कालीन समयमा सूचना र जानकारीलाई ब्यवस्थित् गर्न सहयोग गर्न ।
- समुदायको विपद्संग सामना गर्ने परम्परागत सिपलाई सुदृढिकरण गर्दै आपतकालीन अवस्थामा हुन सक्ने भौतिक तथा मानवीय क्षतिलाई कम गर्न र समुदायको उत्थानशील क्षमता (Resilience Capacity) अभिवृद्धि गर्न ।
- बहुप्रकोप जोखिम तथा क्षमता विश्लेषणमा स्थानीय सरकार, स्वास्थ्य संस्था, समुदाय तथा स्थानीय सरोकारवालाहरुको सहभागिता बृद्धि गर्न ।

- स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम उपयोग गर्दै बिभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्व सचेतना प्रणाली, न्यूनीकरण, रोकथाम र प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी तथा जवाफदेही ढंगले मानवीय सहयोग उपलब्ध गराउन ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नागरिक र समुदायको अर्थपूर्ण सहभागिता र योगदान वृद्धि गर्न ।
- विपद् तथा महामारीको समयमा तत्काल सम्बोधन गर्नका लागि आवश्यक संयन्त्र, क्षमता विकास, प्रतिकार्य योजना तथा पूर्वतयारी हुने ।
- क्षेत्रगत रुपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेहीता र उत्तरदायित्वको भावनाको विकास गराउने ।
- विपद् व्यवस्थापनका साझा वुझाइ भइ "अझ राम्रो र अझ बलियो" अवधारणा अनुरुप विपद् पश्चातको पुनर्लाभ, पुनर्स्थापना र पुननिर्माण सुनिश्चितताको लागि आवश्यक दिशानिर्देश गर्न ।

**३.६. योजनाको कार्यान्वयन र सीमा** यो योजना विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलताका क्षेत्रमा उपलब्ध नेपाल सरकारका नीतिगत प्रावधान तथा विद्यमान प्रणालीहरुलाई निर्माण निर्देशिकाको रुपमा लिइ तयार गरिएको छ । योजना तयार गर्दा सकेसम्म सहभागितामूलक, तथ्यपरक, सर्वस्वीकार्य र कार्यान्वयन योग्य बनाउनका लागि अधिकतम प्रयास गरिएको छ । स्थानीय स्तरमा उपलब्ध जानकारी, बिगतका भएका ऐतिहासिक घटनाक्रमसँग सम्वन्धित अनुभवहरु, स्थानीय समुदाय तथा सरोकारवालाहरुको विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धमा भएका ज्ञान, सिकाई र बुझाई एवम् वडा तथा वस्ती स्तरमा सहभागितामूलक सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजारहरु मार्फत प्राप्त तथ्याङ्कहरुलाई मुख्य आधार मानी योजना तयार गरिएको छ । समय, स्रोत/साधनको सीमितता भएता पनि योजना निर्माण गर्दा अपनाउनु पर्ने अध्ययन-अनुसन्धानका सम्पूर्ण बिधिहरु अवलम्वन गरी बहुपक्षीय सूचना संकलनको प्रयास गरिएको छ । नवराजपुर गाउँपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तथा कार्यक्रम तर्जुमा गर्न यो योजनाले मार्गदर्शनको रुपमा काम गर्नेछ । योजनाको प्रयोगबाट नवराजपुर गाउँपालिकाले विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई गुणस्तरीय र प्रभावकारी वनाउन यसले थप सहयोग गर्नेछ । योजनाको प्रभावकारी कार्यन्वयनको लागि स्थानीय सरकार, प्रदेश सरकार, संङ्घीय सरकार र विकास साझेदारहरु तथा निजी क्षेत्रको सहयोगको अपेक्षा गरिएको छ । बिभिन्न विपद्हरुबाट हुने क्षतिलाई सीमित श्रोत र साधनबाट न्यून गर्न चुनौती रहेको छ ।

**३.७. योजनाको निर्माण प्रक्रिया विधि** "नवराजपुर गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, २०८१" को मस्यौदा तर्जुमा गर्दा पालिका क्षेत्रभित्रका मुख्य सूचनादाता तथा सङ्कटासन्न समुदायको प्रत्यक्ष सहभागिता सुनिश्चित हुने गरी समावेशी, सहभागितामूलक प्रक्रियाहरु अबलम्वन गरी योजना तयार गरिएका छ । दस्तावेजलाई यथार्थपरक र जीवन्त बनाउन अध्ययन अनुसन्धान तथा सूचना-प्रबिधिका आधुनिक विधि र प्रक्रिया अबलम्वन गरिएको थियो । नेपाल सरकारको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, तथा गाउँपालिकाको विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन क्षेत्रका ऐन, नियमावली, रणनीति तथा विद्यमान प्रणालीहरुको मर्मलाई आत्मसाथ यो योजना तयार गरिएको छ ।

तालिका नं ५ : योजना निर्माण प्रक्रिया बिधि




### ३.८ योजना कार्यान्वयन रणनीति

३.८.१ योजनाको स्वीकृति  यस योजनालाई गाउँ कार्यपालिका बैठकबाट अनुमोदन गरी कार्यान्वयन गरिनेछ ।

#### ३.८.२ बजेट व्यवस्था

योजनाले निर्दिष्ठ गरेका प्राथमिकता प्राप्त क्रियाकलापहरु सञ्चालनको लागि गाउँपालिकाको आफ्नो श्रोत साधन तथा क्षमताले सम्भव भएसम्म बजेट विनियोजन गरिनेछ । थप बजेटका लागि जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालयहरु, संङ्घीय सरकार, प्रदेश सरकार, विकासका साझेदार निकायहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी, निजी क्षेत्र, छिमेकी पालिकाहरुसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ । योजना कार्यान्वयनका क्रममा स्थानीय श्रोत साधन, सिप र क्षमताको अधिकतम परिचालनमा जोड दिइनेछ ।

#### ३.८.३ योजना कार्यान्वयन

यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि रणनीतिक कार्ययोजना र आवधिक तथा वार्षिक योजना तर्जुमा गरी लागु गरिनेछ । विषयगत छलफल तथा योजना तर्जुमा एवम् कार्यान्वयन गर्दा यसलाई  मार्गदर्शनका रुपमा लिइनेछ । विपद् तथा जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रमहरु नियमित कार्यान्वयनका लागि प्राथमिकताका आधारमा बार्षिक तथा वहुवर्षीय बजेट तर्जुमा गरी श्रोतको सुनिश्चित गरिनेछ । योजना कार्यान्वयनका लागि पालिका तथा सम्भव भएसम्म वडा स्तरमा समेत कोषको व्यवस्था गरिनेछ । योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना तथा विद्यमान क्षेत्रगत नीति, रणनीति तथा कार्ययोजनालाई यस नीतिसँग तादाम्यता मिल्ने गरी परिमार्जन गरिनेछ ।

**३.९ स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाका अनुगमन तथा मूल्याङ्कन** : यस स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनका लागि पालिका स्तरीय विपद् व्यवस्थापन समिति र कर्मचारी सम्मिलित एक अनुगमन तथा मुल्याङ्कन समिति गठन गरी नियमित अनुमगन मल्यांकन तथा वार्षिक रुपमा समीक्षा गरिनेछ । अनुगमन तथा मूल्याङ्कन समितिले योजनामा उल्लेखित क्रियाकलापहरु कार्यान्वयनको प्रगति निरीक्षण गर्ने, कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या तथा कमी/कमजोरी सुधार गर्दै समाधानका लागि समन्वयात्मक र रचनात्मक भूमिका निर्वाह गर्नेछ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्वन्धित वार्षिक रुपमा अद्यावधिक गरी "नवराजपुर विपद् प्रतिवेदन" प्रकाशन गरिनेछ ।

### ३.१०. योजनाको अद्यावधिकता

योजना कार्यान्वयनका क्रममा भएका पाठ, सिकाइ, अनुभव र चुनौती, सुधार गर्नुपर्ने विषयवस्तुलाई समावेश गरी सहज र प्रभावकारी बनाउनका लागि योजनालाई आवश्यकता अनुसार अद्यावधिक गर्दै लगिनेछ । योजनाको कुल अवधि ५ वर्ष राखिएता पनि प्रत्येक वर्ष मूल्याङ्कन, समीक्षा तथा पुनरावलोकन गरिनेछ ।

# परिच्छेद : तीन

# प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

### ४.१ प्रकोपको पहिचान तथा स्तरीकरण

नवराजपुर गाउँपालिकाभित्र प्रकोप, सङ्कटासन्नता तथा क्षमता विकासको उचित पहिचान गर्न सङ्कटासन्नता तथा क्षमता विश्लेषणका विद्यमान विभिन्न औजारहरुको प्रयोग गरी योजना तयार गरिएको छ । समुदायमा विगतमा भएका र भविष्यमा आउन सक्ने प्रकोप तथा जलवायुजन्य घटना त्यसले गरेको जनधनको क्षति तथा पालिकामा उपलब्ध श्रोत, साधन र क्षमताका आधारमा प्रकोपको सूची तयार गरी सबैभन्दा धेरै क्षति गर्ने प्रकोप पहिचान गरी जोडा स्तरीकरण बिधिका माध्यमवाट क्रमशः स्तरीकरण गरिएको छ । सबै वडाका अलग-अलग सूचीलाई एकीकृत गरेर गाउँपालिकाभित्र हुने प्रकोपको सूची र स्तरीकरण गरिएको छ । हरेक वडामा गरिएका जोडा स्तरीकरणबाट प्राप्त नतिजालाई जोडदा सबै भन्दा धेरै अङ्क प्राप्त गर्ने प्रकोपलाई क्रमशः पहिलो, दोस्रो गरी प्राथमिकता निर्धारण गरिएको छ । समान अङ्क प्राप्त गर्ने प्रकोपहरुलाई क्षति र त्यसको बारम्बारताको आधारमा पुनः स्तरीकरण गरिएको छ । नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक भएको र जुनसुकै समयमा पनि आउन सक्ने जोखिम रहेको तथा कोभिड-१९ पनि भविष्यमा दोहोरिन सक्ने संभावना भए/नभएको एकिन नभएकोले यी दुई प्रकोपलाई अन्य प्रकोपहरुसँग सँगै राखेर तुलना गरिएको छैन । तर योजना निर्माण गर्दा पहिलो प्राथमिकतामा राखि योजना निर्माण गरिएको छ । यसरी प्राप्त नतिजालाइ हेर्ने हो भने क्रमिकरुपले भूकम्प पहिलो नम्बरमा छ भने बाढी/डुवान, हावाहुरी, महामारी, सडक दुर्घटना, आगलागी, चट्याङ, सुख्खा/खडेरी, कृषि बालीमा लाग्ने रोग किराहरु, सर्पदंश र शीतलहर क्रमशः रहेका छन् ।

| प्रकोपहरु | आगलागी | बाढी | महामारी | खडेरी | हावाहुरी | सर्पदंश | चट्याङ्ग | सडक दुर्घटना |
|---|---|---|---|---|---|---|---|---|
| आगलागी | × | आगलागी | आगलागी | आगलागी | हावाहुरी | आगलागी | आगलागी | सडक दुर्घटना |
| बाढी | × | × | महामारी | बाढी | हावाहुरी | बाढी | बाढी | सडक दुर्घटना |
| महामारी | × | × | × | महामारी | हावाहुरी | महामारी | महामारी | सडक दुर्घटना |
| खडेरी | × | × | × | × | हावाहुरी | सर्पदंश | खडेरी | सडक दुर्घटना |
| हावाहुरी | × | × | × | × | × | हावाहुरी | हावाहुरी | सडक दुर्घटना |
| सर्पदंश | × | × | × | × | × | × | सर्पदंश | सडक दुर्घटना |
| चट्याङ्ग | × | × | × | × | × | × | × | सडक दुर्घटना |
| सडक दुर्घटना | × | × | × | × | × | × | × | सडक दुर्घटना |
| जम्मा अंक | 5 | 3 | 4 | 1 | 6 | 2 | 0 | 7 |
| स्तर | 3 | 5 | 4 | 7 | 2 | 6 | 8 | 1 |

माथिको तालिकालाई विश्लेषण गर्दा सडक दुर्घटना यस क्षेत्रको प्रथम प्रकोपको रुपमा रहेको छ । सहभागिबाट विगतमा भएको प्रकोपको क्षति र भविष्यमा पार्न सक्ने प्रभावलाई बिचार गर्दा हावाहुरी, आगलागी, महामारी, बाढी, क्रमश : दोस्रो, तेस्रो, चौथो र पाँचौ प्राथमिकतामा रहेका छन भने चट्याङ, सुख्खा/खडेरी, सर्पदंश पनि यहाँका मुख्य प्रकोपका रुपमा रहेका छन् ।

**४.२. विपदको ऐतिहासिक समयरेखा** : यस नवराजपुर गाउँपालिकामा बिगत ३० वर्ष यता भएका प्रकोपका मुख्य घट्ना, त्यसले पारेको असर र क्षतिको विवरणलाई तालिका नं ८ मा पस्तुत गरिएको छ । पालिका, वडा तथा समुदाय तहमा सङ्कटासन्नता र क्षमता विश्लेषणका क्रममा उपस्थित मुख्य सूचनादाता तथा जेष्ठ नागरिकहरुले उपलब्ध गराउनु भएको जानकारीहरुका आधारमा यो विवरण तयार गरिएको छ। यसबाट प्रकोपको दोहोरिने प्रवृत्ति, त्यसले पुऱ्याउने भौतिक, सामाजिक, आर्थिक, मानवीय वा प्राकृतिक क्षति तथा प्रभावको बारेमा जानकारी एकीकृत गर्न सकिन्छ ।

तालिका नं ८ : विपद्को ऐतिहासिक समयरेखा

| विपद् | साल | स्थान | भौतिक क्षति, सामाजिक क्षति, आर्थिक क्षति, मानवीय क्षति, प्राकृतिक क्षति |
|---|---|---|---|
| बाढी | २०४५ साउन | मझौरा, नवराजपुर, भगवतीपुर तामासुइया, | -खेतमा लगाइएको अन्नवाली नष्ट<br>-घर,गोठ, क्षति गरेको<br>-२ वटा बाखा मरेको |
| | २०५२ | वडा नं २ | -खेतमा लगाइएको अन्नवाली नष्ट<br>-उत्पादनका कमी भएको । |
| | २०५८ | मझौरा | करिब ५० विघा जग्गामा लगाइएको धानबाली नष्ट |
| | | | |
| आगलागी | २०६२/२०६३ | वडा नं २ | घर ४ जलेर नष्ट, खाद्यान्न तथा सबै सामान जलेको |
| | २०५७ | फुलवरिया | ३० घर जलेको, |
| | २०७२ | फुलबरिया | १ घर जलेको, १ गाई घाइते, |
| | २०७१ | फुलवरिया | ४ घर जलेको, खाद्यान्न, काठ, लत्ताकपडा जलेको, |
| | २०७६ | देवनगर | १ घर जलेको, १ भैंसी जलेर मरेको, |
| | २०८१ पुस | ढेकहा | ४ घर जलेको, |
| | २०८० मंसिर | गेरुवाहा | १ घर जलेको, १ भैंसी, १ पाडो जलेर मरेको |
| | २०७७/०७८ | गेरुवाहा | १ घर जलेको, १ गाई र १ बाच्छा मरेको |
| हावाहुरी | २०८० जेठ | नहर्नियाँ | जस्ताको ४ वटा घर उडाएको, |
| | | नवराजपुर | ८ वटा घर उडाएको, |
| | २०७९ जेठ | नहर्नियाँ रामटोल | २ वटा घर उडाएको |
| | २०८१ | सबै वडा | १५० घरमा क्षति |
| | २०७७ | | |
| चटयाङ्ग | २०७६/०७७ | कुर्सण्डी | चट्याङ्ग लागेर १ जनाको निधन |
| | २०६७ | फुलवरिया | चट्याङ्ग लागेर २ वटा गोरु मरेको |
| | २०७१ | सुन्दरपुर | चट्याङ्ग लागेर एक जना घाइते भएको |
| सर्पदंश | २०५१ | फुलवरिया | सर्पदंशबाट १ जनाको मृत्यु |
| | २०६७ | नवराजपुर | सर्पदंशबाट १ जनाको मृत्यु |

| | | | |
|---|---|---|---|
| | २०५७ | मझौरा | सर्पदंशबाट १ जनाको मृत्यु |
| | २०६९ | नवराजपुर | सर्पदंशबाट २ जनाको मृत्यु |
| | २०६६ | देवनगर | सर्पदंशबाट १ जनाको मृत्यु |
| | २०७६ | फुलवरिया | सर्पदंशबाट १ जनाको मृत्यु |
| | | | |
| सडक दुर्घटना | २०८१ | सोनबर्षा चौक | २ मोटरसाइकल जुद्धा १ जनाको मृत्यु २ घाइते |
| | | सोनबर्षा-अस्पताल चौक | मोटरसाइकल दुर्घटनामा १ को मृत्यु |
| | २०८१ पुस | अस्पताल चौक | मोटरसाइकलले ट्रकलाई ठोक्दा १ को मृत्यु, २ घाइते |
| | २०८० | भगवतीपुर | मोटरसाइकलको ठक्करबाट १ जना पैदल यात्रीको मृत्यु |
| | २०८० | जगतपुर | पिकअप भ्यानको ठक्करबाट १ मोटरसाइकल यात्रीको मृत्यु |
| | २०८० कात्तिक | सोनबर्षा चौक | पैदल यात्रीलाई बसले ठक्कर दिंदा घाइते |
| | २०७९ | सोनबर्षा चौक | मोटरसाइकल अनियन्त्रित भई १ घाइते |
| | २०८० | अस्पताल चौक | टायर गाडीमा ठोक्दा १ जना मोटरसाइकल यात्री घाइते |
| | २०८१ | पुलहारा नजिक | स्कोर्पियोको ठक्करबाट १ मोटरसाइकल घाइते |
| | २०७८ | शिवचौक | मोटरसाइकलबाट खसेर १ महिलाको मृत्यु |
| | २०७७ | शिवचौक | मोटरसाइकल दुर्घटनाबाट १ पुरुषको मृत्यु |
| सुख्खा/खडेरी | | | |
| | | | |
| | | | |
| भुकम्प | २०७२ बैशाख | वडा नं. २ | घर क्षति भएको |

श्रोत : सङकटासन्नता तथा क्षमता विश्लेषण, २०८१

यस गाउँपालिकाको सेवाक्षेत्र भित्रमा विपद्को एतिहासिक समयरेखा विश्लेषण गर्दा सवैभन्दा बढि आर्थिक तथा मानवीय क्षती गर्ने प्रकोपमा बाढी/डुवान देखिन्छ भने घर गोठ, विद्यालय, फलफूल, तरकारी, खेतियोग्य जमिन तथा अन्नबालीमा पुर्‍याएको क्षतीलाई विश्लेषण गर्दा क्रमशः हावाहुरी र वन्यजन्तुको आतंक पर्दछन । भूकम्प केही समयको अन्तरालमा आउने गरेको, हालसम्म ठुलो क्षति नगरेको भएता पनि क्षतिको अनुमान गर्न गाह्रो देखिन्छ । बाढी, हावाहुरी, बन्यजन्तुको आतंक, सडक दुर्घटना, आगलागी, चटयाङ, असिनापानी, सुख्खा/खडेरी, कृषि वालीमा लाग्ने रोगकिरा, सर्पको टोकाई तथा शीतलहर आदि मुख्य प्रकोपका रुपमा देखिएका छन ।

### ४.३. प्रकोप पात्रो

स्थानीय मौसममा जलवायु परिवर्तनका कारणले बाली तथा प्रकोपमा आएको परिवर्तन थाह पाउनको लागि मौसमी पात्रोको प्रयोग गरिएको छ । यस विधिमा समुदायका ज्येष्ठ नागरिक, जनप्रतिनिधीहरू, युवा तथा बुद्धिजीवीहरूसँगको छलफलबाट प्राप्त विवरणका आधारमा तापक्रम, वर्षाको स्वरूप, बिरुवाको व्यवहार, प्रकोपको स्वरूप आदिमा आएको परिवर्तनमा आधारित भएर यो पात्रो तयार गरिएको छ। विगत ३० वर्ष पहिले र हालको अवस्थाबारे तुलनात्मक अध्ययनका आधारमा प्रकोप, तापक्रम, बाली आदिका समयमा परिवर्तन आए/नआएको प्रस्ट रूपमा देखिएको छ।

तालिका नं ९ : प्रकोप पात्रो

| प्रकोप | पहिले (३० बर्ष) | बैशाख | जेठ | असार | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुण | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| महामारी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| बाढी/ डुबान | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| खडेरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सर्पदंश | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सडक दुर्घटना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| चट्याङ | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हावाहुरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

श्रोत : सङकटासन्नता तथा क्षमता विश्लेषण, २०८१

माथिको तालिकालाई विश्लेषण गर्दा प्रकोप हुने समय पहिले र अहिलेमा केहि परिवर्तन भएको छ । पहिला बाढीको प्रकोप असार, साउन र भदौमा हुने गर्दथ्यो भने हाल आएर साउन, भदौ र असोजमा पनि हुने गरेको छ । त्यसैगरि सर्पको टोकाइ पहिले असार र साउनमा हुने गर्दथ्यो भने अहिले साउन र भदौमा हुने गरेको पाइन्छ । समयमा पानी नपर्ने, कि त बढि पानी पर्ने गर्दछ भने पहिलेको तुलनामा झाडापखाला महामारीहरु कम हुन थालेको छ ।

### ४.४.परिवर्तित मौसमी पात्रो

जाडो, गर्मी, वर्षात लगायत मौसम अनुसारका प्रकोपहरु कुन कुन समयमा हुने गरेका छन र पहिले र अहिले मौसममा परिवर्तन भएको छ या छैन भन्ने थाह पाउन समुदायसँग छलफल गरी कम्तिमा ३० वर्ष पहिले र हालको अवस्था विश्लेषण गरी यो मौसमी पात्रो तयार गरिएको छ । तीस बर्ष अगाडीको मौसम र हालको मौसममा धेरै अन्तर आएको स्थानीय बासिन्दाहरुको अनुभव रहेको छ । जाडोहुने समय र गार्मी हुने समय समेत बढेको देखिन्छ । जसले गर्दा हिउँदे तथा बर्षा यामका खेतीमा प्रतिकुल असर परेको देखिन्छ ।

तालिका नं १० : मौसमी पात्रो

| सूचकहरु | पहिले (३० बर्ष) | बैशाख | जेठ | असार | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुण | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन वर्षा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गर्मी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जाडो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असिना तथा चटयाङ | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| खडेरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| शीतलहर | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

श्रोत : सङकटासन्नता तथा क्षमता विश्लेषण, २०८१

प्रकोप पात्रोका विषयमा छलफल गर्ने क्रममा विगत ३० वर्ष देखि हालसम्म ठुलो परिवर्तन नदेखिए पनि सहभागीहरुको अनुभव तथा विश्लेषणका आधारमा निम्न परिवर्तन/अनुभव गर्न सकिन्छ ।

- वर्षा हुने समय पहिलाको तुलनामा कहिले वढि र कहिले कम हुने गरेको ।
- गर्मीको समय पहिला भन्दा वृद्धि भइरहेको र एक्कासी गर्मी वढ्ने गरेको छ ।
- मुख्य जलवायु उत्पन्न प्रकोपहरु सुख्खा/खडेरी, असिना पर्ने समयमा परिवर्तन देखिएको छ भने अन्य प्रकोपहरू पनि पहिलेभन्दा बढी र दोहरीएको देखिन्छ ।
- मनसुनी वर्षा र हिउदे वर्षा हुने समयमा पनि परिर्वतन आएको छ ।
- खडेरी पनि पहिलेको तुलनामा धेरै वढि समय हुने गरेको छ ।
- चट्याङ अहिले जुनसुकै बेलामा पर्ने र नोक्सान वढी गर्ने गरेको छ ।
- जाडो हुने समयावधिमा ठुलो परिवर्तन नरहे तापनि जाडोपनको मात्रा घटेको छ ।
- हावाहुरी हुने समयमा पनि वृद्धि भएको पाईन्छ ।
- खडेरी तथा हावाहुरीले गर्दा आगलागीको प्रकोपलाई बढावा दिएको देखिन्छ ।
- यी विपद्हरुका अलावा महामारी तथा जनस्वास्थ्यजन्य खतराहरु पनि बढेका छन ।
- पानीको सतह घटदै गइरहेको छ ।

## ४.५. बाली र वनस्पति पात्रो

जलवायु परिवर्तनले कृषि क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउन यो विधि प्रयोग गरिएको छ । यस विधिको प्रयोग गर्दा समाजमा जेष्ठ नागरिक, कृषकहरू, युवा तथा बुद्धिजीवीहरूको भूमिका उल्लेख्य रहेको थियो । यसका अलावा

किसानहरूलाई जलवायु परिवर्तनसँग अनुकूलन हुने गरी गरिने खेती प्रणालीमा बारेमा समेत जानकारी गराइएको थियो । नगरपालिकाका विभिन्न स्थानहरूमा गरिएको छलफल अनुसार हालको कृषिबाली पात्रो तालिका ११ मा प्रस्तुत गरिएको छ ।

| सूचकहरु | पहिले (३० बर्ष) | बैशाख | जेठ | असार | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुण | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धान रोप्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान भित्र्याउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ रोप्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ भित्र्याउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आलु रोप्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आलु भित्र्याउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

श्रोत : सङकटासन्नता तथा क्षमता विश्लेषण, २०८१

गाउँपालिकाभित्र बाली र वनस्पति पात्रोको विश्लेषण गर्दा खेती गर्ने पुरानो चलनमा कुनै परिवर्तन आएको देखिदैन । पानी पर्ने अवधि, मनसुनको अवधि, जाडो तथा गर्मीमा आएको परिवर्तनले गर्दा खेती गर्ने प्रणालीमा असर पर्न थालेको छ । समुदायसँग छलफल गर्दा मौसममा परिवर्तन आएको तर स्थानीयको खेती गर्ने समयमा खास परिवर्तन नभएको वताएका छन । समयमा नै खेती गरेपनि उत्पादनमा भने ह्रास महशुस हुनथालेको छ ।

**४.६ प्रकोप/विपद् जोखिम न्युनीकरण एवम् व्यवस्थापन तथा अनूकुलनका प्रयासहरूको विश्लेषण** : नवराजपुर गाउँपालिकामा मुख्य रुपमा ११ वटा प्रकोपले बर्षेनी जनधनको क्षति गरेको देखिन्छ । जसमा भूकम्प, महामारी, बाढी/डुबान, हावाहुरी, सडक दुर्घटना, आगलागी, चटयाङ, असिनापानी, सुख्खा/खडेरी, कृषि वालीमा लाग्ने रोग किरा, सर्पदंश र शीतलहर रहेका छन् । यी प्रकोप मध्ये भूकम्पको जोखिम नेपालको सबै ठाउँहरुमा रहेकोले यसलाई अन्य प्रकोपहरुसँग तुलना गरिएको छैन भने कोभिड-१९ पनि फेरी दोहोरिने वा नदोहोरिने भन्ने अनुमान गर्न नसकिएकोले यसलाई पनि अन्य प्रकोपसँग तुलना नगरि प्राथमिकता क्रममा राखिएको छ । यस गाउँपालिकामा हरेक प्रकोपको ऐतिहासिक पात्रो, सामाजिक स्रोत नक्शा तथा लक्षित समूहसँगको छलफल लगायतका विधिहरु प्रयोग गरी पहिचान गरिएका प्रकोप र प्रकोपको आवृत्तिका आधारमा तिनको मूल कारण तथा कारक तत्व तथा सम्भावित समाधानका उपायहरु तल प्रस्तुत गरिएको छ ।

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ को अनुसूची ५ (४) अन्तर्गत प्रकोप जोखिम तथा सामाजिक श्रोत नक्साङ्कन, जोखिम र समस्या विश्लेषण खाका, संस्थागत विश्लेषण तथा सम्वन्ध चित्र, तापक्रम वा वर्षाको विश्लेषण, लक्षित समूह छलफल भु-उपयोग जोखिम विश्लेषण लगायतका औजारहरुको सहयोगले मुख्य समस्या वा प्रकोप, प्रकोपको कारण, प्रभाव र जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपायहरु प्रकोप विश्लेषण अन्तर्गत राखिएको छ । प्रकोपवाट हुने मुख्य प्रभाव भनेको नै मानिसको मृत्यु,

अङ्गभंग तथा घाइते हुनु मनोसामाजिक असर पर्नु, संरचनाहरुमा क्षति पुग्नु, उत्पादनमा ह्रास आउनु, स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्नु, जीविकोपार्जनका उपायहरुमा असर पर्नु आदि हुन् । यी सबै तथ्यहरुलाई विश्लेषण गर्दा बिभिन्न जोखिम न्यूनीकरणका उपायहरु पहिचान भएका छन् । जसमध्ये मुख्य उपायहरुमा प्राविधिकको निरीक्षणमा संरचना निर्माण गरी भूकम्प प्रतिरोधी प्रविधि अंगाल्नु, बाढी तथा पहिरो नियन्त्रणका लागि तटबन्ध निर्माण, चेक ड्यामहरु निर्माण गर्नु, बाढी तथा भासिन सक्ने जमिनमा संरचना निर्माण नगर्ने, जनचेतना फैलाउनु, वृक्षारोपण गर्नु, कृषि तथा पशुमा लाग्ने रोगको लागि जैविक विषादीको प्रयोग र भ्याक्सिनको व्यवस्था तथा पशु शिविर संचालन गर्ने जस्ता पूर्वतयारी तथा विपद् व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्नु, प्रतिकार्य टोलीहरु गठन गरी सकृय राख्नु, विकाससँग विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्नु आदि रहेका छन् । प्रकोप विश्लेषणको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं १२ : प्रकोपको कारण र असर विश्लेषण

| क.स | प्रकोप | प्रकोपको कारण | प्रभाव | समाधानका सम्भावित उपाय |
|---|---|---|---|---|
| १ | भूकम्प | • भौगर्भिक कारण<br>• धरातलीय प्लेटहरु कमजोर हुनु तथा एक-आपसमा ठोक्किनु<br>• पृथ्वी भित्र रहेको अत्यधिक ताप र चाप<br>• भवन निर्माण संहिताको पूर्ण पालना नहुनु<br>• भूकम्प प्रतिरोधी भवनहरु निर्माण हुन नसक्नु<br>• घर बनाउदा गुणस्तरहिन समग्रीको प्रयोग ले कमजोर संरचना वनाउनु<br>• समुदायस्तरमा प्राविधिक ज्ञान सीप नहुनु | • मानिसहरु घाइते,अपाङ्ग तथा मृत्यु हुने<br>• खानेपानीको अभाव हुने<br>• मनोवैज्ञानिक असर<br>• खाद्यान्नको अभाव<br>• लैङ्गिक हिंसा, लुटपाट लगायतका घटना हुन सक्ने<br>• महामारी तथा स्वास्थ्य समस्याहरु बढ्न सक्ने<br>• ठुलो संख्यामा स्वास्थ्य उपचार चाहिन सक्ने | • भूकम्पीय सुरक्षाको विषयमा जनचेतना फैलाउने<br>• घरघरमा झटपट झोलाको व्यवस्था गर्ने,<br>• समुदायमै विभिन्न कार्यदलहरु तयार गरि खोज तथा उद्धार, प्राथमिक उपचार, सञ्चार आदि बिषयमा<br>• जनचेतना आवश्यक हुने भवन निर्माण संहिताको पालना गरी भौतिक संरचनाहरू बलियो बनाउने,<br>• समुदायमा विपद् व्यवस्थापनका लागि सबै कार्यदललाई आवश्यक सामग्री सहित तयारी अवस्थामा राख्ने , |
| २ | बाढी/डुबान | • भिरालो जमिन हुनु<br>• ज्ञानको अभाव<br>• नदी तथा खोलामा पानीको निकास नहुनु<br>• जङ्गल फडानी वा आगलागी अधिक वर्षा<br>• नदी किनारमा वस्ती | • धनजनको क्षति<br>• मलिलो तथा उर्वरायुक्त माटो कटान/पटान<br>• आवत जावतमा समस्या हुनु<br>• महामारी फैलिने उर्वरा भूमिमा वालुवा गिट्टी थुप्रिइ उब्जनी कम हुने<br>• वनजङ्गलको क्षति<br>• बस्तीहरु विस्थापित हुनु<br>• सर्पको जोखिम बढनु | • वृक्षारोपण गर्ने,<br>• कुलोको मर्मत गर्नुपन<br>• जोखिमपूर्ण स्थानमा तारजाली तथा मेशिनेरी वाल लगाउने,<br>• भिरालो जमिनमा गरा बनाई खेती गर्ने बाँध बाध्ने, बाढी आएको बेला अपनाउनुपर्ने सावधानीका बारेमा जनचेतनामूलक कार्यक्रम गर्ने ,<br>• खाली स्थानमा वृक्षारोपण गर्ने,<br>• खोलामा तटबन्ध लगाउने, |

| | | | | |
|---|---|---|---|---|
| | | | | • वनजङ्गल संरक्षण गर्ने<br>• सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने |
| ३ | हावाहुरी | • जलवायु परिवर्तन र मौसमी कारण जस्ताको छाना, कच्ची तथा अव्यवस्थित<br>• घरहरु जङ्गल बिनाश हुनु<br>• सुख्खा मौसम हुनु<br>• भौगोलिक भू-बनाबट पुराना कमजोर तथा फुसले छाएका संरचना र घरहरु हुनु | • घर,गोठ तथ विद्यालयहरुमा क्षति<br>• भौतिक संरचनामा क्षति गुग्ने<br>• खेतीपाती तथा बोटविरुवामा क्षति पुग्नु<br>• घाइते तथा चोटपटक लाग्ने खाद्यन्नको अभाव हुन सक्ने स्वास्थ्य संस्थाको भौतिक<br>• संरचना,औजार,विद्युत आदिमा क्षति भइ स्वास्थ्य सेवा अवरुद्ध हुन सक्ने | • वृक्षारोपण गर्ने पक्की संरचना निर्माण गर्ने हुरीवतासले पुऱ्याउन सक्ने असर तथा क्षतिको बारेमा समुदायलाई<br>• जानकारी गराउने, वनजङ्गलको संरक्षण गर्ने<br>• घर गोठका छाना बलियो वनाउने<br>• होचा घरहरु निर्माण गर्ने<br>• आपतकालीन योजना निर्माण गर्ने<br>• वस्ती वरपर अग्ला रुखहरु, विद्युतको तार, पोल, होडिङ्ग वोर्डहरुको उचित व्यवस्थापन गर्ने |
| ४ | सडक दुर्घटना | असावधानीपूर्वक सवारी साधन हाँक्ने, मादक पदार्थ सेवन हतार गर्ने वानी<br>• साँघुरो सडक,<br>• सवारी साधनको चाप<br>• पुराना सवारी साधन | मानिसको मृत्यु तथा घाईते<br>भौतिक क्षति<br>मानिसहरु सडकवाट आतंकित हुनु<br>पशुचौपायामा क्षति<br>आर्थिक क्षति | आवश्यक ठाउँमा सडक ब्रेकर निर्माण गर्ने<br>ट्राफिक नियम कडाइका साथ लागुगर्ने<br>• सडक सूचना वोर्ड हरुको व्यवस्थापन गर्ने लाईसेन्स<br>• प्रणालीमा कडाई गर्ने। |
| ५ | आगलागी | • खडेरी तथा जमिन सुख्खा हुनु लापरवाही<br>• जनचेतनाको कमी चुरोट<br>• तथा विभिन्न ज्वलनशील पदार्थको जथाभावी प्रयोग वनजङ्गलमा डडेलो लगाउने चलन<br>• चट्याड पर्नु विद्युतीय तार शट हुनु<br>• हुरी आएको वेलामा आगो बाल्नु<br>• खेतवारीमा घाँस जलाउने चलन<br>• | धनजन तथा मानवीय क्षति<br>वन जङ्गल तथा पशुपंक्षी विनास, जङ्गलमा आगो लगाउँदा विरुवाको उत्पादनमा कमी<br>खाद्यन्नको अभाव हुने<br>स्वास्थ्यमा समस्या देखिन सक्ने | • आगो कम लाग्ने छाना प्रयोग गर्ने<br>• वनजङ्गलमा आगोलागी नियन्त्रण गर्ने विजुली बत्तीको राम्रो<br>• वाईरिङ्ग गर्ने सलाइ लाईटर जस्ता वस्तुहरु बच्चाहरुको पहुँच भन्दा टाढा राख्ने<br>• चुरोटका ठुटाहरु जथाभावी नफाल्ने<br>• आगलागी सम्बन्धी जनचेतना आगो निभाउने यन्त्रहरु जडान गर्ने<br>• जङ्गलमा आगो लगाउने व्यक्तिलाई दण्डित गर्ने |

| | | | | |
|---|---|---|---|---|
| ६ | चटयाङ | • वातावरण सन्तुलन नहुँदा<br>• वादल एक आपसमा ठोक्किएर चट्याड<br>• सम्बन्धी ज्ञानको कमी जलवायु परिवर्तन,<br>• असावधानी<br>• | मानिस तथा पशुको मृत्यू वा घाईते हुने विद्यालय, घर, मठ मन्दिर आदिमा नोक्सान पुग्ने आगलागी हुने विरुवा नष्ट हुने टिभी, रेडियो जस्ता इलेक्ट्रोनिक्स सामग्रीमा क्षति पुग्ने | • घरमा लाईटिंङ्ग रड प्रयोग गर्ने<br>• अग्लो रुख, टावरको तल नबस्ने<br>• पानी परेको बेला विद्युतीय बस्तुहरु वा उपकरणहरु बन्द गरी राख्नुपर्ने<br>• चटयाडजाट जागिने उपायहरुका वारेमा जनचेतनामूलक कार्यक्रमहरु संञ्चालन गर्ने |
| ७ | असिना | • जलवायु र मौसम परिवर्तन भौगोलिक अवस्था<br>• | अन्नवाली, तरकारी फलफूल वालीमा हानी नोक्सानी भई खाद्यन्नको अभाव हुन सक्ने मानवीय र पशु चौपयामा क्षति मानिसहरु घाइते भइ स्वास्थ्य उपचार आवश्यक हुन सक्ने | • प्राकृतिक तथा जैविक विविधताको संरक्षण गर्ने<br>• असिना सहन सक्ने क्षमताका बालीनाली<br>• लगाउने पर्याप्त अन्न<br>• भण्डारण गर्ने बाली चक्रमा परिवर्तन गर्ने<br>• .छिटो पाक्ने बाली खेती गर्ने<br>• तरकारी खेतीमा बलियो टनेल प्रविधिको प्रयोग गर्ने<br>• पोलिहाउस बलियो बनाउने<br>• .बीउ संरक्षण गर्ने<br>• बालीनालीको बीमा गर्ने<br>• राहत कोषको परिचालनलाई |
| | | | | प्रभावकारी बनाउने<br>• पर्माकल्चरको प्रबर्धन गर्ने |
| ८ | सुख्खा/खडेरी | • समयमा बर्षा नहुँदा | •विश्वव्यापी तापमान बृद्धि, जलवायु परिवर्तन<br>•वन विनाश आगलागी आर्थिक क्षति बिभिन्न रोगको संक्रमण | पिउने पानीको अभाव<br>• मानिस तथा पशुपन्छीमा संक्रमण फैलिने<br>• घाँस दाउराको अभाव<br>• बोटबिरुवा मर्ने<br>• खेतीबालीको नाश<br>• उत्पादनमा ह्रास<br>• गुणस्तरमा ह्रास आउने<br>• जमिनमा पानीको सतह घटने |
| क्र. | प्रकोप | प्रकोपको कारण | प्रभाव | समाधानका सम्भावित उपाय |

| स | | | | |
|---|---|---|---|---|
| ९ | सर्पको टोकाइ | • वाढी, डुवान हुनु<br>• घर वरपर सरसफाइमा ध्यान नदिनु<br>• खुल्ला दिशा पिशाव गर्ने वानी ।<br>• घरवाहिर तथा खेत वारीको काम गर्दा कम सावधानी अपनाउनु ।<br>• खाली खुट्टा हिड्ने बानी हुनु | • मानिसहरुको मृत्यु तथा घाईते हुने ।<br>• समुदायमा त्रास फैलिने सघन उपचार<br>• चाहिनसक्ने | • पालिका/वडा स्तरमा सर्पदंश उपचार केन्द्र स्थापना गर्ने<br>• घर तथा काम गर्ने खेतवारी, जङ्गल, खोला तथा वगैचाहरुमा विशेष सावधानी अपनाउने<br>• घर वरपर सफा सुग्घर राख्ने |
| १० | शीतलहर | • प्राकृतिक कारण | • मानिसहरुको मृत्यु तथा घाईते हुने । पशु<br>• चौपायाहरु मर्ने बच्चावच्ची तथा जेष्ठ<br>• नागरिकको स्वाशप्रश्वासमा समस्या हुने | • घरलाई न्यानो बनाउने<br>• चोकचोकमा दाउरा बितरण गर्ने<br>• प्रभावित परिवारलाई राहत वितरण<br>• सचेतनामूलक कार्यक्रम |

श्रोत : सङकटासन्नता तथा क्षमता विश्लेषण, २०८१

## ४.७. जोखिम तथा जीविकोपार्जनका श्रोतहरू माथिको प्रभाव विश्लेषण

गाउँपालिकामा समग्र प्रकोपको जोखिम विश्लेषण तथा स्तरीकरण गर्दा बाढी, हावाहुरी, वन्यजन्तुको आतंक, सडक दुर्घटना, आगलागी, चटयाङ, असिनापानी, सुख्खा/खडेरी, कृषि वालीमा लाग्ने रोगकिरा, सर्पको टोकाई तथा शीतलहर आदि मुख्य प्रभाव पार्ने प्रकोपमा पर्दछन । प्रकोपले बिगत २५-३० वर्षमा जीविकोपार्जनका श्रोतहरुमा पारेको प्रभाव र आगामी दिनमा गर्न सक्ने सम्भाब्य क्षतिलाई विश्लेषण गरी योजना निर्माण गरिएको छ । यी प्रकोपहरुको बढी असर कृषि, पशुपालन, प्राकृतिक श्रोत-साधन,वन्यजन्तु, चराचुरुङ्गी, जमिन, पिउने पानी आदिमा परेको देखिन्छ । विपद् तथा जलवायु परिवर्तनको असर सबै वर्ग, क्षेत्र र समुदायमा पर्दछ तर असरको प्रकृति र मात्रा भने फरक पर्न सक्दछ । समुदायमा असरको सामना गर्न सक्ने विद्यमान अनुकूलन क्षमताले पनि असर कम वा बढी हुने गर्दछ । पानीको सतह घटदै गइरहेको अवस्था छ भने पानी भासिने, सुक्ने, पुराना धारा पधेराहरु हराउदै गइरहेका छन । पानी पर्ने समय र मात्रामा फरक हुँदा सुख्खा/खडेरीका कारण बालीनाली समयमा लगाउन तथा थन्काउन नपाउने तथा बिभिन्न रोगकिराहरुको संक्रमण देखिने गर्दछ । हावाहुरी, आगलागी, चटयाङ, असिनापानी तथा नयाँ नयाँ रोहरुको संक्रमणले गर्दा विशेषगरी संङकटासन्न समुदाय, एकल महिला, भूमिहीन, दलित, अपाङ्गता भएका वर्गहरु बढि प्रभवित भएका छन । असिना र चटयाङले पनि मानिस, पशुपन्छी तथा मेसिन तथा औजाररुमा क्षति गर्ने गरेको छ । योजना निर्माण गर्दा विद्यमान परिवेश तथा प्रकोपले पार्ने प्रभावलाई मध्यनजर गरिएको छ ।

सङ्कटासन्नता तथा क्षमता विश्लेषणका विभिन्न औजारको प्रयोबाट प्राप्त सूचना तथा तथ्याङ्कको पुनरावलोकन, स्थलगत अनुगमन तथा छुटेका विषय पत्ता लगाउन लक्षित समूह छलफल तथा मुख्य सूचनादाता सँगको अन्तर्वाता जस्ता विधिको प्रयोग गरिएको थियो । छलफलमा महिला, बालबालिका, सीमान्तकृत वर्ग, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति र अल्पसङ्ख्यक व्यक्ति/वर्ग आदिको उपस्थिति रहेको थियो । छलफलमाा सहभागीहरुलाई समान रूपले आफ्ना बिचार तथा धारणाहरु राख्न प्रोत्साहित गरिएको थियो र विपद् तथा जलवायु परिवर्तनका कारण कृषि, पशुपालन तथा खाद्य सुरक्षा, वन तथा जैबिक विविधता, जलवायुजन्य प्रकोप, जलस्रोत र उर्जा, भौतिक पूर्वाधार, मानव स्वास्थ्य आदि क्षेत्रहरूमा केन्द्रित भई ३० बर्ष पहिले र हाल महसुस गरिएका असर तथा प्रभाब एवम् भबिष्यमा पर्न सक्ने सम्भााब्य असरका वारेमा छलफल गरी प्राप्त निष्कर्सलाई तालिका नं १३ मा प्रस्तुत गरिएको छ ।

तालिका नं १३ : विषयगत क्षेत्रमा परेका प्रभाव तथा असरहरूको विश्लेषण

| ३० वर्ष अगाडिको अवस्था | हाल महशुस गरिएको प्रभाव | कारण | सम्भावित समाधानका उपाय |
|---|---|---|---|
| **कृषि तथा खाद्य सुरक्षा** | | | |
| • माटोको उर्वराशक्ति राम्रो<br>• कम्पोष्ट मलको प्रयोग अनुकूल हावापानी पशुपन्छीमा लाग्ने रोगमा कमी | माटोको उर्वराशक्ति घट्दै गैरहेको<br>• समयमा पानी नपर्ने<br>• बाली छिटो पाक्ने रोगकिराको संक्रमणमा वृद्धि हुदै<br>• गइरहेको अर्गानिक खेतीमा कमी खाद्यन्नको अभाव<br>• उत्पादकत्व घट्दै गइरहेको घाँसपातमा कमी उत्पादनमा कमी हुँदा महंगी वृद्धि हुदै गइरहेको पशुपन्छीमा लाग्ने रोगमा वृद्धि | • रासायनिक मलको बढी प्रयोग<br>• जलवायु परिवर्तन<br>• उन्नत जातका बीउ बिजनको प्रयोग<br>• परिक्षण नगरिएका बीउ बिजनको प्रयोग | • माटो परिक्षण गर्ने<br>• जैविक मल तथा विषादीको कम प्रयोगमा जोड दिने कम्पोष्ट मलको प्रयोग बढाउने आधुनिक खेती प्रणाली विस्तार<br>• गर्ने सिचाई कुलो तथा नहरको व्यवस्था गर्ने जलवायु अनुकूलित बीउबिजनको प्रयोग रेथाने प्रजातिका बीउविबजनको संरक्षण तथा प्रयोग |

| ३० वर्ष अगाडिको अवस्था | हाल महशुस गरिएको प्रभाव | कारण | सम्भावित समाधानका उपाय |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | • अतिवृष्टि, अनावृष्टि वन्यजन्तु<br>• लोप हुँदै गइरहेका जडिबुटीहरु<br>हराउदै गएका छन नयाँ बिरुवाहरु<br>• उम्रने दर कम रहेको प्राकृतिक<br>• श्रृंखला परिवर्तन भएको मनसुन<br>• ढिलोचाँडो भइरहेको<br>• | | • मूल्याङ्कन गर्ने जैविक<br>तटवन्धनहरु वनाउने |
| जलश्रोत तथा उर्जा | | | |
| • पानीका मुहान र श्रोतहरु प्रशस्त रहेको<br>• समयमा मनसुन हुने<br>• विद्युत लाईन नभएको<br>सौर्य उर्जा नभएको<br>• | • पानीका मुहान सुक्दै र घट्दै<br>• गइरहेको नदी, खोलामा पानी घट्दै<br>गइरहेको<br>• पानीको सतह घटदै गइरहेको<br>•<br>• | • पानीका मुहान संरक्षण नहुनु<br>• नदी,खोला अतिक्रमण<br>• नदी, खोला नजिक वस्ति विस्तार<br>• जथाभाबी नदी, खोलामा उत्खनन<br>• अव्यवस्थित पूर्वाधार निर्माण | • पानीका मुहान संरक्षण<br>जथाभाबी नदी तथा खोलामा भइहेको<br>• उत्खनन नियन्त्रण<br>• नदी खोला किनारमा वृक्षारोपण<br>पानीका मुहान रहेका क्षेत्रमा<br>वृक्षारोपण वैकल्पिक उर्जा प्रवर्धन<br>सिंचाइ पोखरीहरुको प्रवर्द्धन<br>• जलासयहरु निर्माण<br>• कृतिम पोखरीहरु निर्माण गर्ने |
| ग्रामीण र शहरी वसोवास | | | |
| • जनसङख्या कम<br>• पातलो वस्ती<br>• ग्रामीण जनजीवन<br>न्यून बसाइँसराइ<br>• | • बसाईँसराइ तिव्र प्रदषित<br>• वातावरण विकृती, विसंगती<br>• बढ्दै गइरहेको पानीको<br>अभाव<br>• | • वजार क्षेत्रमा वसोवासको आकर्षण<br>• जनसङ्ख्या वृद्धि<br>• अव्यवस्थित वसोवास | • वजार क्षेत्रलाइ व्यवस्थित गर्ने भु–<br>• उपयोगको नीति लागु गर्ने ग्रामीण<br>क्षेत्रहरुमा पूर्वाधार निर्माण स्थानीय<br>स्तरमा रोजगारीको सृजना |

| ३० वर्ष अगाडिको अवस्था | हाल महशुस गरिएको प्रभाव | कारण | सम्भावित समाधानका उपाय |
|---|---|---|---|
| • न्यून वजारक्षेत्र | • खाद्यान्नको अभाव उत्पादनशील<br>• जमिनको कमी | • विपद् जोखिम बढिरहेको | • बसाइँसराइ रोक्ने<br>• ग्रामीण र शहर बिचको अन्तरसम्वाद बढाउने |
| | | पर्यटन, एवं प्राकृतिक र सांस्कृतिक सम्पदा | |
| • पर्यटकीय स्थलहरुको पहिचान हुन नसकेको<br>• स्थानीय कला संस्कृति विद्यमान आफ्नो कला संस्कृतिमा गौरव गर्ने प्रवृति कला संस्कृतिको संरक्षण गर्नुपर्छ भन्ने भावना | • पर्यटकीय स्थलहरुको पहिचान तथा व्यवस्थित हुने क्रममा रहेको<br>• स्थानीय कला सस्कृति लोप हुदै गइरहेको पर्यटकमा कमी<br>• • प्राकृतिक सम्पदाको ह्रास<br>• ताल, तलैयाहरु सुक्दै गइरहेको | ङ्ग बाह्यं सस्कृतिको प्रभाव<br>ङ्ग पर्यटकीय क्षेत्रमा पर्याप्त पूर्वाधारको अभाव | • • स्थानीय कला संस्कृतिको संरक्षण पर्यटकीय स्थलको पहिचान,प्रचार प्रसार<br>• प्राकृतिक र सास्कृतिक सम्पदाको संरक्षण |
| | | मानव स्वास्थ्य, खानेपानी, सरसफाइ तथा महामारी | |
| • माहामारी बढी स्वास्थ्य केन्द्रहरुको कमी<br>• स्वास्थ्य कर्मीहरुको कमी सरसफाईमा कमी पानी संकलन गर्न टाढा टाढा सम्म जानुपर्ने नसर्ने रोगहरु कम | • महामारी घटदै गइरहेको<br>• खानेपानिको सुविधा<br>• स्वास्थ्य केन्द्रहरुको विस्तार<br>• मानिसको औषत आयु बढ्दै गइरहेको<br>• भाइरल रोगहरु फैलने गरेको बिभिन्न नयाँ रोगहरुको बृद्धि पानी दुषित हुने मुहान सुक्ने पानीको अभाव | • जनसङख्या वृद्धि<br>• आधारभूत स्वास्थ्य सेवामा पहुँच<br>• सरसफाइमा चेतना अभिवृद्धि<br>• फोहरमैला वृद्धि<br>• कृषि जन्य उत्पादनमा विषादीको प्रयोग | • स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्ने शुद्ध<br>• खानेपानीको आपूर्ति<br>• फोहरमैला व्यवस्थापन<br>• सरसफाइ सम्बन्धी चेतना अभिवृद्धि महामारीको जोखिमका लागि तयारी |

| ३० वर्ष अगाडिको अवस्था | हाल महशुस गरिएको प्रभाव | कारण | सम्भावित समाधानका उपाय |
|---|---|---|---|
| | उधोग, यातायात तथा भौतिक पूर्वाधार | | |
| • भौतिक पूर्वाधार कम<br>• उद्योग धन्दाहरु कमी<br>• यातायातको सुविधामा कमी | • पर्याप्त भौतिक पूर्वाधारको कमी यातायातमा पहुँच<br>• प्रदुषित वातावरण<br>वाढीले यात्रामा जोखिम बढाएको । अत्यधिक सवारी दुघंटना हुने गरेको | • श्रोत र साधनको कमी<br>• लगानीको वातावरण नभएको<br>• सवारी चलाउँदा लापरबाही गर्नु,<br>• अत्यधिक गतिमा सवारी चलाउनु<br>• सडकमा अवरोध हुनु<br>• उत्पादन लागत बढी<br>• वजारको समस्या | • पूर्वाधार निर्माणमा जोड<br>• सवारी चलाउँदा सचेत हुनुपर्ने सडकमा रहेको अवरोधहरुलाई हटाउनुपर्ने |
| | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सवाल | | |
| • विपद्वाट धेरै क्षति<br>• महामारीको प्रकोप वढि<br>• जलवायु अनुकूलन<br>• वन्यजन्तुको प्रकोप कम<br>• | • • • धनजनको क्षति विपद्का घटना बृद्धि अव्यवस्थित वसोवास तथा पूर्वाधार निर्माणको कारण वाढी पहिरोको जोखिम बढिरहेको<br>• गरिबी वृद्धि हुदै गइरहेको | • अव्यवस्थित वसोवास<br>• भवन मापदण्डको पर्याप्त पालना नहुनु<br>• विपद् व्यवस्थापनमा कम लगानी<br>• पर्याप्त वातावरणीय प्रभाव मूल्याङकन बिना सडक निर्माण | • भूकम्प प्रतिरोधी घर र संरचना निर्माण वृक्षारोपण<br>• विपद् जोखिम न्यूनीकरणका लागि योजना निर्माण र कार्यान्वयन<br>• सडक मापदण्डको पालना विपद् व्यवस्थापनमा लगानी बृद्धि बनजङ्गल संरक्षण गर्ने<br>• |
| | अन्य | | |
| • शिक्षा तथा स्वास्थ्य पर्याप्त | • शिक्षा निःशुल्क भएको छ | • शिक्षा र चेतनाको स्तर | • सामाजिक एकता र भाइचारा बढाउने |

| | | | |
|---|---|---|---|
| थिएन ।<br>• सामाजिक मिलाप र एकता थियो<br>• एकीकृत बस्ती थियो । चिउरा कुट्ने, ढिकीमा धान कुट्ने चलन थियो चाडबाडको महत्व बढी थियो ।<br>• आयआर्जनको स्रोत व्यापार र परम्परागत कृषि थियो ।<br>• घरेलु कपडा उत्पादन गरिन्थ्यो । | • आधारभूत स्वास्थ्य सेवा विस्तार भइरहेको छ ।<br>• सामाजिक एकता कम छ । बस्ती विस्तार भएको छ ।<br>• किनेर खाने चलन बढेको छ, फास्ट फुड र जङ्क फुडको प्रयोग बढेको छ ।<br>• चाडपर्वलाई कम महत्व दिन थालिएको छ<br>• आयआर्जनका स्रोतहरु परम्परागत कृषिवाट नोकरी, वैदेशिक रोजगार र व्यवसाय तर्फ रुपान्तरण भइरहेको छ ।<br>• घरेलु उद्योगहरु बिस्थापित हुदै गइरहेका छन । | • बढिरहेको छ<br>• प्रविधिको विकाससँगै एकलकाटे स्वभावको विकास भइरहेको छ जीवनशैलीमा परिवर्तन आइरहेको छ<br>• आर्थिक अवस्थामा सुधार<br>• सांस्कृतिक बिचलन रेडिमेड<br>• कपडाको आगमन आधुनिक<br>• जीवनशैली | • अभियान चेतनामुलक<br>• कार्यक्रम नैतिक शिक्षा<br>• प्रवर्द्धन<br>• वातावरणीय सरसफाइ र फाहोरमैला व्यवस्थापन सम्बन्धी अभियान जीविकोपार्जनमा अवसरहरु प्रदान<br>• कला,संस्कृतिको संरक्षण<br>• पर्यटन प्रवर्धन<br>• विपद् जोखिम तथा जलवायु अनुकूलनका कार्यक्रमहरुमा जोड |

श्रोत : सङकटासन्नता तथा क्षमता विश्लेषण, २०८१

## ४.८ स्थानीय ज्ञान,सिप, प्रविधि तथा प्रयासहरुको अवस्था विश्लेषण

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थानीय ज्ञान, सिप तथा प्रविधि महत्वपूर्ण हुने गर्दछ। सहभागितात्मक विधिको माध्यमवाट नगरपालिकामा भएका ज्ञान, सिप र प्रविधिहरुको अवस्था कस्तो रहेको छ र आपतकालीन अवस्थामा विपद्को सामना कसरी गर्ने गरिएको छ भन्ने थाह पाउन लक्षित समूह छलफल तथा मुख्य सूचनादाताहरुसँग छलफलहरु गरी प्राप्त निस्कर्षलाई तालिका नं १४ मा प्रस्तुत गरिएको छ।

तालिका नं १४ : जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका स्थानीय प्रयासहरु

| प्रकोप/विपद् | प्रभाव र असरहरू | समुदायबाट भए गरेका अनुकूलनका उपाय र प्रयास | गर्न सकिने वा गर्नुपर्ने अनुकूलनका उपाय तथा प्रयासहरू |
|---|---|---|---|
| भूकम्प | • संरचनामा क्षति<br>• मानसिक तनाव | • सुरक्षित स्थानमा बस्ने<br>• टोलछिमेकमा खवर गर्ने,<br>• घाइते भए उपचारमा सहयोग गर्ने<br>• नयाँ बन्ने संरचनाहरु भूकम्पीय जोखिमका दृष्टिकोणले मजवुत वनाउन थाल्नु यद्यपि भवन निर्माण संहिताको पूर्ण पालना भने नगरिनु। | • भूकम्पीय सुरक्षाको विषयमा जनचेतना फैलाउने,<br>• सम्पूर्ण घरघरमा झटपट झोलाको व्यवस्था गर्ने,<br>• समुदायमै बिभिन्न कार्यदलहरु तयार गर्ने (खोज तथा उद्धार, प्राथमिक उपचार आदि)<br>• जनचेतनामूलक कार्यक्रम संचालन गर्ने,<br>• भवन निर्माण संहिता अनुसार भौतिक संरचनाहरू वनाउने,<br>• आपतकालीन सामग्रीहरु तयारी अवस्थामा राख्ने, |
| महामारी | • मानवीय क्षति<br>• मानसिक त्रास<br>• आर्थिक नोक्सानी<br>• जीविकोपार्जनमा समस्या | • स्वच्छ पानीको उपयोग गर्ने<br>• बासी, सडेगलेका खाना नखाने<br>• नियमित रुपमा साबुन पानीको प्रयोग गर्ने | • आइसोलेसन सेन्टर वनाउने,<br>• स्वास्थ्य संस्थालाई सुविधा सम्पन्न बनाउने<br>• जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने, |

| | | | |
|---|---|---|---|
| बाढी / डुबान | • भौतिक संरचनाहरुमा क्षति,<br>• विद्युत, खानेपानी अवरुद्ध,<br>• कच्ची सडकमा माटो पटान हुने<br>• वन तथा वन्य जन्तुको नोक्सानी,<br>• जमिन तथा कुलो/नहरमा क्षति | • जैविक तटबन्धन लगाउने गरेको,<br>• खोज तथा उद्धार दल गठन गर्ने<br>• बाढीमा डुबेकाको खोज तथा उद्धार गर्ने गरेको<br>• सुरक्षित स्थलमा जाने गरेको | • वृक्षारोपण, बायो ईन्जिनियरिंङ्ग,<br>• ग्याविन वाल तथा तटबन्धन निर्माण<br>• नदी तथा खोलाहरुमा उत्खनन रोक्ने<br>• चुरेक्षेत्र संरक्षण<br>• पूर्वसूचना प्रणाली स्थापना<br>• क्षमता विकास |
| हावाहुरी | • घर, गोठ तथा विद्यालयहरुका छाना उडाउने,<br>• खेतीपाती, फलफूल, केराखेती आदिमा क्षति<br>• रुख बिरुवाका | • खोज तथा उद्धारका लागि सहयोग गर्ने,<br>• घाइतेको प्रथामिक उपचारमा सघाउने,<br>• पुननिर्माण गर्ने | • छत स्तरोन्नती,<br>• टनेल प्रविधि अपनाउने<br>• वैकल्पिक फलफूल तथा खेती गर्ने,<br>• हावाहुरी रोक्नसक्ने खालका रुख विरुवाको प्रवर्द्धन गर्ने<br>• कृषिभूमि बाझो नराख्ने |
| | हाँगा भाच्चिने<br>• विद्युतका पोलहरु ढल्ने<br>• मानिस तथा पशुपन्छीको मृत्यु तथा घाइते हुने | | • छानो बलियो वनाउने |
| सडक दुर्घटना | • मानिसहरु घाइते तथा मृत्यु हुने<br>• आर्थिक क्षति<br>• संरचनाहरुमा क्षति<br>• मानसिक त्रास | • बेक्ररहरु वनाउने गरेको,<br>• प्रहरीलाई खवर गर्ने गरेको,<br>• घाइतेहरुको उद्धार गर्ने तथा विरामीलाई अस्पताल पठाउने<br>• सम्बन्धित परिवारलाई खवर गर्दिने | • आवश्यक ठाँउमा ब्रेकरहरु निर्माण गर्ने<br>• ट्राफिक नियमको कडाइका साथ पालना गर्ने<br>• सडक सूचना वोर्डहरुको व्यवस्थापन गर्ने<br>• लाईसेन्स प्रणालीमा कडाई गर्ने ।<br>• सडक संचालन सम्बन्धी स्थानीय मापदण्ड तयार गर्ने<br>• सडकहरुको स्तरोन्नती गर्ने<br>• जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने |

| | | | |
|---|---|---|---|
| आगलागी | • संरचनामाा क्षति हुन`<br>• आर्थिक क्षति हुने<br>• अन्नपात,गरगहना, कागजपत्र, कपडा आदि जल्नु<br>• खेतीपाती, घाँसपात, पराल आदिमा क्षति<br>• मानिस घाइते तथा मृत्यु हुने<br>• पशुपन्छीहरु घाइते तथा मृत्यु हुने<br>• प्राकृतिक श्रोत साधनमा क्षति | • उपाभेक्ताहरु  मिलेर आगो निभाउने गरेको<br>• अग्निपिडितहरुका लागि राहत संकलन/बितरण गर्ने,<br>• घर गोठ वनाउन सहयोग गर्ने,<br>• बनजङ्गलमा अग्निरेखाहरु वनाउने गरेको<br>• सलाइ, लाइटर जस्ता वस्तुहरु वच्चावच्चीको पहुँच भन्दा टाढा राख्ने गरेको<br>• सुरक्षा निकायलाई खवर गर्ने गरेको<br>• सामुदायिक वनमा हेरालुहरुको व्यवस्था गरेको | • जनचेतनामूलक कार्यक्रम गर्ने<br>• खरको छानो मुक्त अभियान संचालन गर्ने<br>• पर्याप्त मात्रामा पानीको संचित गर्ने<br>• ताल पोखरीहरु संरक्षण गर्ने<br>• आगलागीको जोखिम क्षेत्र नक्साङ्कन<br>• अग्निरेखा मर्मत तथा निर्माण<br>• आगलागी नियन्त्रण गर्ने यन्त्र तथा उपकरण खरिद तथा प्रयोग<br>• आगलागी नियन्त्रण सम्वन्धी क्षमता विकास तालिम<br>• बनजङ्गलमा आयो लगाउने व्यक्तिलाई दण्डित गर्ने<br>• खेतवारीमा आगो लगाउदा हुरी बतास नलागेको समयमा होसियारीपूर्वक गर्ने |


| प्रकोप/विपद् | प्रभाव र असरहरू | समुदायबाट भए गरेका अनुकूलनका उपाय र प्रयास | गर्न सकिने वा गर्नुपर्ने अनुकूलनका उपाय तथा प्रयासहरू |
|---|---|---|---|
| चटयाङ | • मानिसहरु घाईते तथा मृत्यु हुने<br>• घर र विद्युतीय सामग्रीमा क्षति पुग्ने<br>• रुख बिरुवामा क्षति पुग्ने<br>• पशु चौपायाको क्षति | • घाइतेको उपचारमा सहयोग<br>• क्षति भएको घरमा आर्थिक सहयोग | • अर्थिङको व्यवस्था गर्ने,<br>• समुदायलाई सुरक्षा विधि बारे सचेत गराउने<br>• सम्भव भएसम्म चटयाङ छल्ने यन्त्र जडान गर्ने |

| | | | |
|---|---|---|---|
| सुख्खा/खडेरी | • पिउने पानी तथा सिंचाइको लागि पानीको अभाव हुने<br>• आगलागी हुने<br>• घासपात सुक्ने<br>• बस्तुभाउलाई घासपातको अभाव,<br>• अन्नवाली, फलफूल, तरकारीको उत्पादनमा कमी,<br>• रोगकिराहरुको संक्रमण<br>• खाद्यन्नको अभाव हुने<br>• आर्थिक क्षति | • मूल संरक्षण,<br>• कुलो मर्मत गरी पून प्रयोग गर्ने गरेको<br>• बोरिङ प्राणलीको प्रयोग<br>• आकासे पानीमा भर परेर बस्न गरेके ा (बैकल्पिक उपाय नखोज्ने)<br>• बृक्षारोपण<br>• खेती गर्ने समयमा फेरबदल | • मूल संरक्षणमा निरन्तरता,<br>• बाली लगाउने पद्धतिमा हेरफेर,<br>• आकोशे पानी संकलन पोखरी,<br>• रिजर्भ ट्याङकीको निर्माण,<br>• बृक्षारोपण,<br>• वन व्यवस्थापन सम्बन्धी तालिम<br>• बीउ बैंक स्थापना<br>• सिंचाई कुलो मर्मत तथा निर्माण<br>• पोखरी मर्मत तथा निर्माण<br>• जलाशय निर्माण गरी लिफ्ट सिँचाई<br>• घरघरमा पानी सङ्कलन<br>• सुख्खा सहनसक्ने प्रजातिका बालिनालीको खेति<br>• वाली बीमा |
| सर्पदंश | • मनिसहरु घाइते तथा मृत्यु हुने<br>• मानसिक त्रास<br>• मानवीय क्षति | • सुत्ने ठाउँ उच्च स्थानमा वनाउने गरेको<br>• खेतबारीमा काम गर्दा बुट लगाएर जाने गरेको<br>• सर्पलाई प्रज्वलनशिल पदार्थ ( मट्टितेल) छर्कर भगाउने गरेको<br>• सर्पले टोकेको व्यक्तिलाई तत्काल अस्पताल पुर्‍याउने गरेको<br>• घरायसी उपचार | • सर्पदंश उपचार केन्द्र स्थापना गर्ने<br>• घर तथा खेतबारी, जङ्गल, खोला तथा वगैचाहरुमा विशेष सावधानी अपनाउने<br>• घर वरपर सफा राख्ने<br>• जनचेतनामूलक कार्यक्रम संचालन गर्ने<br>• प्राथमिक उपचार |
| शीतलहर | • खेतीपाती, फलफूल तथा तरकारीमा क्षति<br>• जेष्ठ नागरिक तथा बालबालिकाहरुको स्वासप्रश्वासमा समस्या हुने<br>• पशुपन्छीहरु घाइते तथा मृत्यु हुने | • चोकचोकमा आगो बालेर ताप्ने<br>• स्थानीय निकायले काठ वितरण गर्ने गरेको<br>• घरलाई न्यानो बनाउने गरेको<br>• पशुचौपायहरुलाई सुरक्षित गर्ने,कपडाहरुले घर गोगमा भएका द्वारहरु (प्वाल) बुझ्ने गरेको | • बीमा कार्यक्रमलाई प्रोत्साहन गर्ने<br>• अनुकूलित छाना प्रयोग गर्ने<br>• राहत वितरण गर्ने<br>• जनचेतनामूलक कार्यक्रम संचालन गर्ने<br>• जोखिम हस्तान्तरण (बीमा) प्रवर्द्धन |

श्रोत : सङकटासन्नता तथा क्षमता विश्लेषण, २०८१

## ४.९ सरोकारवाला व्यक्ति तथा संघ-संस्थाहरुको विवरण

गाउँपालिकामा जलवायु अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा बिभिन्न सरकारी कार्यालय, गैरसरकारी संघ-संस्था, निजी क्षेत्र आदिले यागदान पुर्याई रहेका छन । आपतकालीन अवस्थामा पनि सहयोग गर्न सक्ने ती सेवा प्रदायक निकायहरु को को हुन र ती निकायहरुमा के कस्तो क्षमता रहेको छ भन्ने थाह पाउन यो विश्लेषण गरिएको छ ।



परिच्छेद : चार

# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

नवराजपुर गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माणको क्रममा यहाँको विपद् तथा जलवायु परिवर्तनको विद्यमान अवस्थालाई सूक्ष्म तरिकावाट विश्लेषण गरी आगामी पाँच वर्ष ( आ.व २०८१/०८२-२०८५/०८६) अवधिका लागि स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार गरिएको छ । अध्ययन-अनुसन्धानका आधुनिक विधि तथा प्रक्रियाहरु पार गर्दै योजना तयार गरिएको छ । योजनालाई सर्वस्वीकार्य र तथ्यपरक वनाउन सहभागितात्मक छलफल, विद्यमान प्रणालीको अध्ययन, लक्षित समूह छलफल, ऐतिहासिक समय रेखा, समाजका अनुभवी तथा जानिफकार व्यक्तिहरुसँग सुझाव-सल्लाह लगायतका विभिन्न विधिहरु मार्फत यो योजना तयार गरिएको छ । योजनामा उल्लेखित क्रियाकलापहरु गाउँपालिकामा विद्यमान विपद् तथा जलवायु परिवर्तनको अवस्थालाई ख्याल गरेर समग्र योजना तयार गरिएको छ । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको ५ वर्षका लागि **रु.३,९१,५०,०००(तीन करोड एकानब्बे लाख पचास हजार रुपैयाँ**) लागत लाग्ने अनुमान गरिएको छ । पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौ वर्षका लागि मोटामोटी योजना तथा कार्यक्रमहरु प्रस्ताव गरिएका छन् । योजना तयार गर्दा विपद् जोखिमको विद्यमान परिदृश्यका आाधारमा आगामी ५ वर्षको मार्गदर्शन तय गरिएको छ र सोही अनुसारका लक्ष्य, उद्देश्य तथा कार्यान्वयन रणनीतिहरु पनि रहेका छन । योजनामा अनुगमन तथा मूल्याङ्कनको खाका पनि प्रस्ताव गरिएको छ जसले गर्दा योजनाको नतिजा मापन गर्न र समयसापेक्ष योजनालाई अद्यावधिक गर्न पनि मद्दत पुग्नेछ । योजना कार्यान्वयन गर्दा तलका बुँदाहरूलाई निर्देशिकाका रुपमा लिनुपर्दछ ।

१. यो योजना गाउँपालिकाको कार्यपालिका बैठकवाट अनुमोदन भइ औपचारिक रुपमा कार्यान्वयनमा जानेछ र कार्यान्वयनका क्रममा गाउँपालिकास्थित शाखा, इकाइ तथा वडा कार्यालयहरुले यसलाई निर्देशिकाका रुपमा प्रयोग गर्नेछन ।

२. योजना गाउँपालिकाका नियमित कार्यक्रमहरु भन्दा भिन्न हुने छैन र गाउँपालिकाले आफना वार्षिक, क्षेत्रगत तथा रणनीतिक योजनाहरु वनाउदा यस योजनामा उल्लेखित क्रियाकलापहरूलाई समावेश गर्न यथासम्भव कोसिस गर्ने ।

३. योजनाको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाको सीमित श्रोत-साधनले मात्रै पर्याप्त नहुने भएकाले प्रदेश सरकार, सङ्घीय सरकार, विकासका साझेदारहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी, निजी क्षेत्र, समुदाय आदिसँग बहुपक्षीय सहकार्यको अपेक्षा गरिएको छ र आवश्यक समन्वय तथा सहकार्यमा जोड दिइनेछ ।

४. गाउँपालिकामा कार्यक्षेत्र भइ कार्यरत संघ-संस्था तथा विकासका साझेदारहरुलाई यस योजनामा उल्लेखित क्रियाकलापहरु कार्यान्वयनमा सघाउन प्रेरित गरिनेछ ।

५. योजनामा उल्लेख गरिएका क्रियाकलापहरु मध्ये कतिपय क्रियाकलाप बहुवर्षीय प्रकृतिका, विस्तृत प्रतिवेदन तथा वातावरणीय प्रभाव मूल्याङ्न आदि गर्नुपर्ने खालका हुनसक्छन ।

६. योजनाको क्रियाकलापहरुमा उल्लेखित लागत रकम अनुमानित भएको हुँदा यसलाई निर्देशिकाको रुपमा लिदै योजनाको वास्तविक लागत तयार गरी कार्यान्वयन गरिनेछ ।

७. दीर्घकालीन प्रकृतिका, नगरको गौरव बढाउने, अर्को पालिका/जिल्ला तथा देशसँग सिमाना जोडिएका योजनाहरु नगर स्तरीय योजनामा राखिएको छ र सोही अनुसार कार्यान्वयन गरिनेछ ।

८. योजनामा उल्लेख गरिएका क्रियाकलापहरु समग्र विपद् तथा जलवायु उत्थानशीलताका लागि तय गरिएका योजनाहरु हुन् र यी योजनाहरु विषयगत उपक्षेत्रहरु, कृषि तथा खाद्य सुरक्षा, ग्रामीण तथा सहरी बसोबास, उद्योग, यातायात तथा भौतिक पूर्वाधार, पर्यटन एवम् प्राकृतिक तथा सांस्कृतिक सम्पदा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावशीकरण र सुशासन आदिसँग जोडिएका छन ।

## ५ स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

| क्र.सं. | क्रियाकलापहरु | इकाइ | परिमाण | प्रति इकाइ दर रु. (लाखमा) | जम्मा बजेट रु. | मुख्य जिम्मेवार | सहयोगी निकाय | कार्यान्वयनको प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना स्वीकृत गरी कार्यान्वयन गर्ने | वटा | १ | ० | ० | गाउँपालिका | वडा कार्यालयहरु | पहिलो वर्ष |
| २ | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाका वारेमा साझा बुझाइ गर्ने | वटा | १ | ०.५ | ०.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, योजना शाखा | पहिलो वर्ष |
| ३ | पालिका तथा वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समितिहरुलाई सक्रिय गर्ने | इभेन्ट | १ | ०.५ | ०.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | पहिलो वर्ष |
| ४ | राहत तथा मानवीय सहयोग सम्बन्धी मापदण्ड (Relief standard) तयार गर्ने | वटा | १ | १ | १ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | पहिलो वर्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तयार गर्ने | वटा | १ | ३ | ३ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, महिला तथा बालबालिका शाखा, संघ संस्थाहरु | पहिलो वर्ष |
| ६ | जोखिम नक्साङ्कन सहितको भू-उपयोग नीति (Risk sensitive land use planning) तयार गर्ने | वटा | १ | १० | १० | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, भूमि शाखा,नापी कार्यालय,संघ संस्थाहरु | दोस्रो वर्ष |
| ७ | आकस्मिक टेलिफोन डायरी तयार गर्ने | वटा | १ | ०.५ | ०.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, सूचना शाखा, संघ संस्थाहरु | पहिलो वर्ष |
| ८ | पालिका तथा वडा स्तरीय वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको लिखित कार्यशर्त विवरण (ToR) वनाई कार्यान्वयन गर्ने | वटा | १ | ०.५ | ०.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् व्यवस्थापन शाखा | पहिलो वर्ष |
| ९ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तनका वारेमा जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्ने | इभेन्ट | १ | १ | १ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | पहिलो वर्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | प्र.अ., वि.व्य.स., शि.अ.सं. तथा अभिभावकहरुको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण गर्ने | इभेन्ट | ५ | २ | १० | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, संघ संस्थाहरु | दोस्रो वर्ष |
| ११ | सूचना, शिक्षा र सञ्चार (IEC) का माध्यमबाट सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | इभेन्ट | ११ | ०.५ | ५.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, संघ संस्थाहरु | नियमित |
| १२ | विद्यालय स्तरीय विपद् पूर्व तयारी र प्रतिकार्यका लागि स्वयंसेवक /कार्यदलहरुको गठन तथा क्षमता अभिवृद्धि गर्ने | इभेन्ट | ५ | १ | ५ | गाउँपालिका | वडा कार्यालयहरु शाखा, शिक्षा शाखा, संघ संस्थाहरु | पहिलो वर्ष |
| १३ | जोखिमयुक्त क्षेत्रका विद्यालयहरुमा अल्पीकरणका क्रियाकलापहरु लागु गर्ने | इभेन्ट | १८ | १ | १८ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, शिक्षा शाखा, पूर्वाधार शाखा, संघ संस्थाहरु,संघ,प्रदेश | दोस्रो वर्ष |
| १४ | गाउँपालिका भित्र भएका बिभिन्न मानवीय क्षमता (प्राथमिक उपचार, खोज तथा उद्धार, मनोसामाजिक परामर्श सेवा आदि) पहिचान गरी विवरण | इभेन्ट | १ | ०.५ | ०.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, नेपाल रेडक्रस सोसाइटी, संघ संस्थाहरु | पहिलो वर्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अद्यावधिक गरी आपतकालीन अवस्थामा प्रयोग हुने सुनिश्चित गर्ने | | | | | | | |
| १५ | विपद पूर्वतयारी र प्रतिकार्यको लागि स्वयंसेवकहरू, द्रुत प्रतिकार्य टोली, प्राथमिक उपचार गर्न सक्ने प्रशिक्षकहरू तयार गर्ने | इभेन्ट | ३ | २ | ६ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, स्वास्थ्य शाखा, नेपाल रेडक्रस सोसाइटी,संघ संस्थाहरु,क्लवहरु | पहिलो वर्ष |
| १६ | आपतकालनि अवस्थामा प्रयोग हुने सामग्रीहरु अलग्गै भण्डारण कक्ष वनाइने । त्यस्तो भण्डारणमा कम्तिमा १ महिनाका लागि आवश्यक सामग्री स्टक रहने | इभेन्ट | १ | १० | १० | गाउँपालिका | विपद् शाखा,संघ संस्थाहरु,सघ, प्रदेश,विकासका साझेदारं | तेस्रो वर्ष |
| १७ | गाउँपालिका तथा वडा कार्यालयका भवनमा सर्बसाधरणको लागि सुरक्षा सम्बन्धी संकेत चिन्हहरु सबैले प्रष्ट देख्ने गरी राख्ने | इभेन्ट | १ | ०.५ | ०.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा | पहिलो वर्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | गाउँपालिका तथा वडा कार्यालय भवनमा चट्याङ्ग छल्ने (Anti-Lightning) प्रविधिको जडान गर्ने, बैकल्पिक आपतकालीन द्वार, आगो निभाउने यन्त्रको जडान, अटो फायर अलार्म तथा स्मोक डिटेक्टर जडान गर्ने | इभेन्ट | १२ | १ | १२ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, पूर्वाधार शाखा, संघ संस्थाहरु | पहिलो वर्ष |
| १९ | आकस्मिक अवस्थाको प्राथमिक उपचार, प्रारम्भिक ल्याव सेवा तथा अन्य एकीकृत उपचार सेवालाई तयारी अवस्थामा राख्ने | इभेन्ट | १ | ०.५ | ०.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, स्वास्थ्य शाखा, संघ संस्थाहरु, निजी संस्थाहरु | पहिलो वर्ष |
| २० | पालिकामा विपद् सूचना केन्द्र स्थापना गर्ने | वटा | १ | ५ | ५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, सूचना शाखा, संघ संस्थाहरु | तेस्रो वर्ष |
| २१ | गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनका लागि नीति निर्माण गर्ने | वटा | १ | ३ | ३ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, सरसफाइ शाखा, संघ संस्थाहरु | पहिलो वर्ष |

| क्र.सं. | क्रियाकलापहरु | इकाइ | परिमाण | प्रति इकाइ दर रु. ( लाखमा) | जम्मा बजेट रु. | मुख्य जिम्मेवार | सहयोगी निकाय | कार्यान्वयनको प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| २२ | गाउँपालिका क्षेत्रभित्र सञ्चालित उद्योग,व्यावसायिक केन्द्र तथा अन्य सार्वजनिक निकायहरुलाई फोहोरमैला व्यवस्थापनको योजना तयार गर्न लगाउने | इभेन्ट | १ | ०.५ | ०.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, संघ संस्थाहरु, निजी क्षेत्र | दोस्रो वर्ष |
| २३ | गाउँपालिकाले फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला सङ्कलन, वर्गीकरण, ढुवानी तथा प्रशोधन केन्द्रको व्यवस्था मिलाउने | इभेन्ट | १ | २० | २० | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, सरसफाइ शाखा,संघ संस्थाहरु | चौथो वर्ष |
| २४ | फोहोरमैलाको वर्गीकरण, पुन:प्रयोग र प्रशोधन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | वटा | ५ | १ | ५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | पहिलो वर्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५ | प्लाष्टिक झोला ( नेपाल सरकारले तोकेको मापदण्ड अनुसार) को प्रयोगलाई न्यूनीकरण गर्न विकल्पमा जुट, कपडा वा कागजका झोला उत्पादन गर्ने उद्योगलाई प्रवर्द्धन गने तथा स्थानीयलाई यसको प्रयोगका लागि प्रोत्साहन गर्ने | इभेन्ट | १ | ५ | ५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, संघ संस्थाहरु, निजी क्षेत्र | तेस्रो वर्ष |
| २६ | जलाधार तथा पानीका श्रोतहरुको संरक्षण गर्ने | इभेन्ट | ५ | १ | ५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, संघ संस्थाहरु, भू संरक्षण कार्यालय | दोस्रो वर्ष |
| २७ | जलवायु अनुकूलित कृषि प्रणाली प्रवर्द्धन | इभेन्ट | १ | ५ | ५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,कृषि शाखा, कृषि ज्ञान केन्द्र, संघ संस्थाहरु | पहिलो वर्ष |

| क्र.सं. | क्रियाकलापहरु | इकाइ | परिमाण | प्रति इकाइ दर रु. ( लाखमा) | जम्मा बजेट रु. | मुख्य जिम्मेवार | सहयोगी निकाय | कार्यान्वयनको प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| २८ | वैकल्पिक उर्जाका साधनको प्रयोग | इभेन्ट | १ | १ | १ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, संघ संस्थाहरु, निजी क्षेत्र | पहिलो वर्ष |
| २९ | आपतकालीन अवस्थाका लागि | वटा | | | | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, संघ | पहिलो वर्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खुल्ला क्षेत्रको पहिचान तथा संरक्षण | | | | | | संस्थाहरु,सघ, प्रदेश | |
| ३० | आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालन गर्ने | वटा | १ | ५ | ५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | पहिलो वर्ष |
| ३१ | समुदाय तहमा स्वयंसेवक गठन,परिचालन तथा क्षमता विकास | वटा | ५ | ०.२५ | १.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, संघ संस्थाहरु | पहिलो वर्ष |
| ३२ | खडेरी अनुकूलित बालीनालीको लागि क्षमता विकास तालिम | वटा | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, संघ संस्थाहरु | पहिलो वर्ष |
| ३३ | सुक्ष्म सिंचाइ प्रविधिको प्रयोग ( थोपा सिंचाई, फिरफिरे सिंचाई र अन्य सिंचाईहरु) | इभेन्ट | १ | ५ | ५ | गाउँपालिका | वडा कार्यालयहरु,विपद् शाखा, संघ संस्थाहरु, निजी क्षेत्र | पहिलो वर्ष |
| ३४ | बहुवाली,फलफूल खेती तथा बेमौसमी खेती सम्बन्धी क्षमता विकास तालिम | इभेन्ट | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | पहिलो वर्ष |
| ३५ | संरक्षण कृषि प्रणाली (कम खनजोत प्रणाली, छाप्रो (Mulching),वाली चक्र पद्धति र पर्माकल्चर खेति आदि) को प्रवर्द्धन | इभेन्ट | १ | १ | १ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,कृषि शाखा, कृषि ज्ञान केनद्र,संघ संस्थाहरु | पहिलो वर्ष |

| क.सं. | क्रियाकलापहरु | इकाइ | परिमाण | प्रति इकाइ दर रु. ( लाखमा) | जम्मा बजेट रु. | मुख्य जिम्मेवार | सहयोगी निकाय | कार्यान्वयनको प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| ३६ | जैविक विषादीको प्रयोग, पशुमुत्रको संकलन र प्रयोग, बाली विविधिकरण प्रवर्द्धन सम्वन्धी क्षमता विकास कार्यक्रम | इभेन्ट | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,कृषि शाखा, कृषि ज्ञान केनद्र,संघ संस्थाहरु | पहिलो वर्ष |
| ३७ | ICT मा मौषममा आधारित कृषि सेवाको बिस्तार तथा सचेतना मूलक कार्यक्रम | इभेन्ट | ५ | १ | ५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, कृषि शाखा, कृषि ज्ञान केन्द्र,संघ संस्थाहरु | दोस्रो वर्ष |
| ३८ | कृषि तालिम ( जैविक मल, जैविक विषादी तथा प्राङ्गारिक मल बनाउने सम्बन्धी) | इभेन्ट | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,कृषि शाखा, कृषि ज्ञान केन्द्र, संघ संस्थाहरु | दोस्रो वर्ष |
| ३९ | वालीको अनुवांशिक विविधताको संरक्षण तथा बिउ विकास | इभेन्ट | १ | २ | २ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, कृषि शाखा, कृषि ज्ञान केन्द्र,संघ संस्थाहरु | पहिलो वर्ष |
| ४० | आगलागी नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम | इभेन्ट | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, संघ संस्थाहरु, विद्यालय, क्लव | पहिलो वर्ष |
| ४१ | महिलाहरूको जीविकापार्जनमा | इभेन्ट | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, | दोस्रो वर्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सहयोग गर्ने सीप तथा क्षमता विकास तालिम सञ्चालन | | | | | | महिला तथा बालबालिका शाखा, संघ संस्थाहरु | |
| ४२ | खाली जमिन, सुख्खा क्षेत्र तथा जलाधार क्षेत्र वरिपरि वृक्षारोपण | इभेन्ट | ५ | १ | ५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, डिभिजन वन कार्यालय, सामुदायिक वन, संघ संस्थाहरु | हरेक वर्ष |
| ४३ | जलाधार संरक्षण सम्बन्धी विद्यालय स्तरमा शिक्षा कार्यक्रम | इभेन्ट | १८ | ०.२५ | ४.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, शिक्षा शाखा, संघ संस्थाहरु | दोस्रो वर्ष |
| ४४ | खाली तथा सार्वजनिक क्षेत्र र नदी किनारामा डालेघास, फलफुलका विरुवा रोप्ने | इभेन्ट | ५ | १ | ५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,कृषि शाखा, कृषि ज्ञान केन्द्र, संघ संस्थाहरु | चौथो वर्ष |
| ४५ | जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनमा लैंगिक समानता र सामाजिक समावेशीकरणको आवश्यकता, महत्व सम्बन्धी जनचेतना अभिवृद्धि | इभेन्ट | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, महिला तथा बालबालिका शाखा,संघ संस्थाहरु | पहिलो वर्ष |
| ४६ | महिला तथा लक्षित वर्गको अनुकूलन क्षमता अभिवृद्धि गर्न वित्तीय साक्षरता सञ्चालन | वटा | १५ | ०.५ | ७.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, सहकारी शाखा, संघ संस्थाहरु, वित्तिय संस्थाहरु | तेस्रो वर्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४७ | जलवायु परिवर्तनबाट सृजित महिलाको बढ्दो कार्यबोझ कम गर्ने प्रविधिको विकास र विस्तार गर्नुका साथै लैंगिकमैत्री कृषि औजारमा पहुँच पुऱ्याउने | इभेन्ट | १ | १ | १ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | तेस्रो वर्ष |
| ४८ | विपद्को समयमा हुन सक्ने महिला हिंसा रोक्नका लागि आवश्यक संयन्त्र वनाउने | वटा | १ | ०.५ | ०.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, महिला तथा बालबालिका शाखा, संघ संस्थाहरु | दोस्रो वर्ष |

| क्र.सं. | क्रियाकलापहरु | इकाइ | परिमाण | प्रति इकाइ दर रु. (लाखमा) | जम्मा बजेट रु. | मुख्य जिम्मेवार | सहयोगी निकाय | कार्यान्वयनको प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| ४९ | सडक किनारा र सार्वजनिक स्थल, पार्क, नदी, मन्दिर, नाला आदिमा फोहरमैला विसर्जन गर्न प्रतिबन्ध लगाउने | इभेन्ट | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, सरसफाइ शाखा, विद्यालय, क्लवहरु, संघ संस्थाहरु | हरेक वर्ष |
| ५० | पानीजन्य रोग तथा रोगथाम सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन | वटा | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | पहिलो वर्ष |
| ५१ | विपद् तथा जलवायु परिवर्तनका क्षेत्रका सरोकारवालाहरु नक्साङ्कन तथा | इभेन्ट | १ | ०.५ | ०.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | पहिलो वर्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सम्पर्क व्यक्तिको सूची अद्यावधिक गर्ने | | | | | | | |
| ५२ | पानीजन्य रोग तथा रोगथाम सम्बन्धी सचेतनामूलक सन्देश प्रशारण गर्ने | इभेन्ट | १ | १ | १ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | पहिलो वर्ष |
| ५३ | जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन शिक्षालाई विद्यालयको स्थानीय पाठ्यक्रममा समावेश गर्ने | वटा | १ | ५ | ५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | पहिलो वर्ष |
| ५४ | विद्यालय स्तरीय विपद् पूर्व तयारी र प्रतिकार्यका लागि स्वयंसेवक /कार्यदलहरुको गठन तथा क्षमता अभिवृद्धि गर्ने | सबै वडा | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, शिक्षा शाखा, विद्यालय, संघ संस्थाहरु | पहिलो वर्ष |

| क्र.सं. | क्रियाकलापहरु | इकाइ | परिमाण | प्रति इकाइ दर रु. (लाखमा) | जम्मा बजेट रु. | मुख्य जिम्मेवार | सहयोगी निकाय | कार्यान्वयनको प्राथमिकता |
|---|---|---|---|---|---|---|---|---|
| ५५ | विद्यालय सुधार योजनमा विपद् जोखिम न्यूनीकरणलाई समावेश गरी सो बमोजिम कार्यान्वयन गर्ने | सबै वडा | १ | ०.५ | ०.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | दोस्रो वर्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५६ | विपद् प्रतिरोधी र वातावरणमैत्री संरचना निर्माण गर्न स्थानीय निर्माणकर्मीहरुलाई सिपमुलक तालिम | इभेन्ट | १ | १.५ | १.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, पूर्वाधार शाखा, संघ संस्थाहरु | पहिलो वर्ष |
| ५७ | कमजोर भौतिक पूर्वाधारको मर्मत सम्भार गर्न सक्ने जनशक्ति तयार गर्न Retrofitting सम्बन्धी तालिम | इभेन्ट | १ | २ | २ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, पूर्वाधार शाखा, संघ संस्थाहरु | दोस्रो वर्ष |
| ५८ | गाउपालिका, वडा कार्यालय, स्वास्थ्य संस्थामा Fire Extinguisher, Smoke detector र Fire alarm system जडान गर्ने | इभेन्ट | ६ | ०.५ | ३ | गाउँपालिका | वडा कार्यालयहरु,विपद् शाखा,निजी क्षेत्र, उद्याग वाणिव्य संघ | दोस्रो वर्ष |
| ५९ | भवन निर्माण सम्बन्धी मापदण्डका वारेमा सचेतनामूलक कार्यक्रम गर्ने | इभेन्ट | १ | ०.५ | ०.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, संघ संस्थाहरु | पहिलो वर्ष |
| ६० | पालिका, वडा तथा समुदाय स्तरमा गठन गरिएका कार्यदल तथा समितिहरुको क्षमता अभिवृद्धि गर्ने | इभेन्ट | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, संघ संस्थाहरु | पहिलो वर्ष |
| ६१ | आधारभूत स्वास्थ्य तथा पोषण सम्बन्धी कानुन तथा योजना निर्माण गर्ने | वटा | १ | ३ | ३ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, संघ संस्थाहरु | पहिलो वर्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६२ | विपद्को समयमा आरआरटीलाई औषधीसहति परिचालन | इभेन्ट | १ | ०.५ | ०.५ | गाउँपालिका | स्वास्थ्य शाखा, संघ संस्थाहरु, निजी संस्थाहरु | नियमित |
| ६३ | पानीजन्य रोगहरुका बारेमा जनचेतनामुलक कार्यक्रम | इभेन्ट | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु,विपद् शाखा,संघ संस्थाहरु | हरेक वर्ष |
| ६४ | जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पर्न सक्ने असरहरु बारे जनचेतना मूलक कार्यक्रम गर्ने | इभेन्ट | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | हरेक वर्ष |
| ६५ | पालिका स्तरीय स्वास्थ्य द्रुत प्रतिकार्य टोलीको गठन तथा क्षमता अभिवृद्धि कार्यक्रम गर्ने | इभेन्ट | १ | ०.५ | ०.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, स्वास्थ्य शाखा, संघ संस्थाहरु, निजी संस्थाहरु | पहिलो वर्ष |
| ६६ | जोखिममा पर्ने सक्ने दीर्घ रोगी, महिला (सुत्केरी, गर्भवती, स्तनपान गराइ रहेका महिला सहित) बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरुको विवरण सङ्कलन तथा अध्यावधिक गर्ने | वटा | १ | ०.५ | ०.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | नियमित |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६७ | महामारीमा आवश्यक पर्ने औषधीहरुको विवरण तयार गरी सो औषधीहरुको न्यूनतम मौज्दात स्वास्थ्य संस्था तथा गापामा भण्डारण गर्ने | इभेन्ट | १ | १० | १० | गाउँपालिका | स्वास्थ्य शाखा, जिन्सी शाखा | नियमित |
| ६८ | सम्भावित महामारीलाई मध्यनजर राखी सचेतनामूलक सन्देश प्रकाशन, प्रसारण गर्ने | इभेन्ट | १ | १ | १ | गाउँपालिका | स्वास्थ्य शाखा, मिडिया, पत्रकारहरु | हरेक वर्ष |
| ६९ | आपतकालीन विपद् प्रतिकार्य नमुना अभ्यास गर्ने | इभेन्ट | १ | १ | १ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, संघ संस्थाहरु, सुरक्षाकर्मी | हरेक वर्ष |
| ७० | पर्यटन गुरुयोजना निर्माण | वटा | १ | १० | १० | गाउँपालिका | संघ,प्रदेश, विकास साझेदार | पहिलो वर्ष |
| ७१ | विपद् सम्बन्धी वार्षिक योजना तर्जुमा तथा समिक्षा गोष्ठी | इभेन्ट | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा, संघ संस्थाहरु | हरेक वर्ष |
| ७२ | सार्वजनिक सुनुवाइ गर्ने | इभेन्ट | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | हरेक वर्ष |
| ७३ | वार्षिक अनुगमन तथा मुल्याङ्कन | इभेन्ट | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | हरेक वर्ष |
| ७४ | विपद् सम्बन्धीको वार्षिक प्रकाशन गर्ने | वटा | ५ | ०.५ | २.५ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | हरेक वर्ष |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७५ | दमकल सेवा संचालन गर्ने | वटा | १ | ८० | ८० | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु | पाँचौ वर्ष |
| ७६ | एम्वुलेन्स थप गर्ने | वटा | १ | ५० | ५० | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु,संघ, प्रदेश | पाँचौ वर्ष |
| ७७ | विपद् प्रभावित क्षेत्रमा बहुप्रकोप साइरन जडा गर्ने | वटा | ५ | .२० | १ | गाउँपालिका | वडा कार्यालयहरु, विपद् शाखा,संघ संस्थाहरु,संघ, प्रदेश | तेस्रो वर्ष |
| | नगर स्तरको जम्मा | | | | ३९१५० | | | |

# परिच्छेद : पाँच

# योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

## ५.१ योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन

गाउँपालिका भित्रका सरोकारवाला, प्रभावित तथा सङ्कटासन्न समुदायको प्रत्यक्ष र समावेशीयुक्त सहभागिता सुनिश्चित हुने गरी गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरिएको हो । योजनालाई समावेशी, सहभागितामूलक र यथार्थपरक बनाउन सम्बन्धित सरोकारवाला व्यक्तिहरुसँग सामूहिक तथा व्यक्तिगत रुपमा पनि छलफल तथा परामर्श गरी तयार गरिएको छ। योजनामा विपद् तथा जलवायु उत्थानशीलताका क्षेत्रमा आगामी ५ वर्षका लागि योजना तथा कार्यक्रमहरु तोकिएका छन् । योजनामा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन गर्न बहुपक्षीय सहकार्यको परिकल्पना गरिएको छ भने स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम प्रयोग गर्ने र आवश्यक श्रोत व्यवस्थापनका लागि सङ्घीय सरकार, प्रदेश सरकार, विकासका साझेदार, नेपाल रेडक्रस सोसाइटी, निजी क्षेत्र, गैर सरकारी संस्थाहरुसँग समन्वय तथा सहकार्य गरिनेछ। योजनाको प्रभावकारी कार्यान्वयन भए/नभएको तथा योजनाको अपेक्षाकृत नतिजा मापन गर्नका लागि पालिका तथा वडा स्तरीय विपद् तथा जलवायु उत्थानशील समिति स्वयंले गर्नेछन । साथै आवश्यकता अनुसार समिति तथा कर्मचारी सम्मिलित छुट्टै अनुगमन तथा सुपरिवेक्षण समिति पनि गठन गर्न सकिनेछ । समितिले अनुगमन गर्दा आवश्यक सचक सहित अनुगमन गर्नेछ र अनुगमन प्रतिवेदन तयार गरी कार्यपालिका बैठकमा पेश गरी आवश्यक सुधार गरिनेछ । समितिले बार्षिक रुपमा कम्तिमा १ पटक अनुगमन गर्नेछ। अनुगमन समितिले योजना कार्यान्वयनको प्रगति निरीक्षण गर्ने र

कार्यक्रम कार्यान्वयनका क्रममा भएका राम्रा अभ्यासहरु, समस्या तथा कमी कमजोरी तथा चुनौतीहरुको सूक्ष्मतवरमा अवलोकन गर्ने र सुधारका लागि रचनात्मक पृष्ठपोषण दिनेछ ।

## ५.२ योजनाको अद्यावधिकता

योजना कार्यान्वयनका क्रममा भएका पाठ, सिकाइ, अनुभव र चुनौती, सुधार गर्नुपर्ने विषयवस्तुलाई समावेश गरी सहज र प्रभावकारी बनाउन बनाउनका लागि योजनालाई आवश्यकता अनुसार अद्यावधिक गर्दै लगिनेछ । यो योजनाको कुल अवधि ५ वर्ष राखिए तापनि प्रत्येक वर्ष मूल्याङ्कन, समीक्षा तथा पुनरावलोकन र पाँच वर्षमा योजनाको बृहत पुनरावलोकन गरी अद्यावधिक गरिनेछ

स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय राख्ने

स्थानीय विपद् व्यवस्थापन समितिको विवरण

अनुसूची ४. विषय क्षेत्रगत कार्यसमूहहरूको विवरण

| क्र.सं. | संस्था/कार्यालय | प्रमुख सम्पर्क व्यक्ति | जिम्मेवारी | सम्पर्क नं. |
|---|---|---|---|---|
| (क) समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार | | | | |
| १ | | | संयोजक | |
| २ | | | सदस्य | |
| ३ | | | सदस्य | |
| ४ | | | सदस्य | |
| ५ | | | सदस्य | |
| ६ | | | सदस्य | |
| ७ | | | सदस्य | |
| ८ | | | सदस्य | |
| ९ | | | सदस्य | |
| १० | | | सदस्य | |
| ११ | | | सदस्य | |
| १२ | | | सदस्य | |
| १३ | | | सदस्य | ९८६७२७१००४ |
| १४ | | | सदस्य | |
| (ख) खाद्य तथा कृषि | | | | |
| १ | कृषि विकास शाखा | संयोजक | | |
| २ | पशु सेवा शाखा | सदस्य | | |
| (ग) स्वास्थ्य तथा पोषण | | | | |
| १ | स्वास्थ्य शाखा | संयोजक | | |
| २ | स्वास्थ्य चौकी | सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | स्वास्थ्य चौकी | | | |
| ४ | | | | |
| ५ | | | | |
| (घ) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन | | | | |
| १ | सामाजिक विकास शाखा | संयोजक | | |
| २ | सरसफाई ईकाई | सदस्य | | |
| ४ | नेपाल रेडक्रस सोसाइटी | सदस्य | | |

अनुसूची ५. दमकलको सम्पर्क विवरण

| क्र.सं. | नाम | पद | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | | दमकल चालक | |

अनुसूची ६. गाउँपालिकामा संचालित एम्बुलेन्सहरुको विवरण

| क्र.सं. | संचालक | ड्राईभर | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

अनुसूची ७: तालिम लिएका जनशक्तिको विवरण

## सन्दर्भ सामग्रीहरु :


- नेपाल सरकार, कानुन सेवा आयोग (२०७५), जनस्वास्थ्य सेवा ऐन, २०७५ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०७५ नेपाल सरकार, कानुन सेवा आयोग, काठमाण्डौ ।
- नेपाल सरकार, गृह मन्त्रालय (२०७५), विपद जोखिम न्यूनिकरण राष्ट्रिय रणनीति कार्ययोजना २०१८-२०३० नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ ।
- नेपाल सरकार, गृह मन्त्रालय (२०७५) विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ ।
- नेपाल सरकार, गृह मन्त्रालय (२०७३) गोरखा भुकम्प-२०७२ अनुभव र सिकाई, नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ ।

- नेपाल सरकार, गृह मन्त्रालय (२०७६), विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (प्रथम संशोधन २०७६), नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ ।
- नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७४), स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, काठमाण्डौ ।
- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका,२०७४, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
- वातावरण मन्त्रालय, नेपाल सरकार (२०६७), राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा)
- नेपाल सरकार, राष्ट्रिय योजना आयोज,(२०७६), पन्ध्रौ योजना २०७६/०७७-२०८०/०८१
- नेपाल सरकार, राष्ट्रिय योजना आयोज,(२०८१), सोह्रौं योजना २०८१/०८२-२०८५/०८६
- नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, २०७६, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६,काठमाण्डौं। , २०७१
- नेपाल सरकार, गृह मन्त्रालय (२०७५), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३० नेपाल सरकार, गृह मन्त्रालय, काठमाण्डौ ।